




नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

● वर्ष १ ● अंक ३२ ● २०७९ साल मंसिर २५ गते आइतवार ● Sunday 11, Dec. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-




सडकमा राखिएका निर्माण सामग्रीहरु हटाउन सुरु

/ पृष्ठ ८ मा

# प्रतिनिधिसभा समानुपातिकमा महिला धेरै

## ११० मध्ये ७० महिला : कांग्रेस: २९ एमाले: २२ राष्ट्रिय स्वतन्त्र: ६ रापप्रा: ५ जनमत: ५ जसपा: ३

एस.के.कर्ण
जनकपुरधाम, मंसिर २४

जनकपुरधाम, मंसिर २४ । राजनीतिक दलहरूले प्रतिनिधि सभातर्फ समानुपातिक बन्दसूचीमा समावेश रहेका उम्मेदवारबाट सांसदहरु छनौट गरी नामावली निर्वाचन आयोगमा बुझाएका छन् ।

समानुपातिक मतपरिणाम अनुसार पाएको समावेशी सहितको सिट संख्याको आधारमा नेपाली कांग्रेसले ३२, एमालेले ३४, माओवादी केन्द्रले १४, राष्ट्रिय स्वतन्त्र पार्टीले १३, राप्रपाले ७, जनता समाजवादी पार्टीले ५ र जनमत पार्टीले ५ गरी ११० सांसदको सूची दलहरुले बुझाएका हुन् ।

कांग्रेस – नेपाली कांग्रेसले प्रतिनिधिसभातर्फका ३२ जना समानुपातिक सांसद चयन गरेको । शनिबार बिहान पार्टी कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले दिएको जिम्मेवारी अनुसार सभापति शेरबहादुर देउवाले समानुपातिक सांसदको टुङ्गो लगाएको हो ।

संघीय संसदमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व अनिवार्य भएकाले कांग्रेसले समानुपातिकबाट तीन जना पुरुषलाई मात्र सांसद बनाउने निर्णय गरेको छ भने २९ जना महिला छनौट गरेका छन् ।

नेपाली कांग्रसले बुझाएका समानुपातिक तर्फका सांसदहरुको सूची यसप्रकार रहेको छ। खसआर्य पुरुष तर्फ :डा.प्रकाशशरण महत, मधेसी पुरुष, विमलेन्द्र निधि, दलित पुरुष, जीवन परियार, खस-आर्य महिलातर्फ अम्बिका बस्नेत, सरिता प्रसाई, आरजु राणा देउवा,ईश्वरी न्यौपाने,प्रतिमा गौतम,मञ्जु खाँण,रमा कोइराला,कान्तिका सेजुवाल, मैना रावल कार्की रहेका छन ।

आदिवासी जनजाति महिलातर्फ :सरस्वती बजिमय, लीलादेवी बाखिम (लिम्बू), सीताकुमारी राना, सुशीला थिङ, सपना राजभण्डारी,माया राई,कुसुम थापा मगर,मनोरमा शेरचन, अञ्जनी श्रेष्ठ, रेनुका काउचा, मधेसी महिलातर्फ :नगिना यादव, मुक्ताकुमारी यादव, चन्दा चौधरी, संगीता मण्डल, दलिततर्फ : महासनाई नेपाली, शान्ति विक, रूपा विक, सीता मिजार, मुस्लिमतर्फ, जावेदा खातुन, थारुतर्फ : कल्पना चौधरी, बिनाकुमारी थनेतको नाम रहेको छ ।

एमाले : एमालेले २२ महिला र १२ पुरुष समानुपातिक सांसद छानेको छ। शनिबार पार्टी कार्यालय च्यासलमा बसेको बैठकले १२ पुरुष र २२ महिलासहित ३४ जना बन्दसूचीमा रहेका उम्मेदवारलाई समानुपातिक सांसदमा निर्वाचित गर्ने निर्णय गरिएको प्रचार विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङले जानकारी दिएका छन् ।

यी हुन एमालेले निर्वाचन आयोगमा सिफारिस गरेका ३४ सांसदहरु : आदिवासी-जनजाति कोटातर्फ १४ जना : देवीप्रसाद भट्टचन, हेमराज राई, कालुराम राई, नैनकला थापा मगर, सूर्यकुमारी श्रेष्ठ

उर्मिला थेवे, इश्वरी घर्ती, रणकुमारी बलम्पाकीमगर, शान्ति श्रेष्ठ, सरस्वती सुब्बा, खस आर्य, पुरुषतर्फ ३ जना :रघुजी पन्त, एकनाथ ढकाल, दयालबहादुर शाही, महिला कोटातर्फ ८ जना :मेनुकाकुमारी पोखरेल, सरिता भुसाल, शोभा ज्ञवाली, बिजुला रायमाझी, निर्मला कोइराला, सम्झना थर्पलिया, दीपा शर्मा, सुनिता बराल, थारु कोटातर्फ २ जना : आश्माकुमारी चौधरी, शान्ति चौधरी, दलित कोटातर्फ ५ जना : ईश्वरबहादुर रिजाल, प्रभू हजारा पाशवान, चन्द्रबहादुर विश्वकर्मा, रुक्मिनी राना बराइली, हर्कमाया विश्वकर्मा, मधेशी कोटामा ५ जना : गंगाप्रसाद यादव, अमृत राजवंशी, विना देवी, अमृतादेवी अग्रहरी, प्रतिक्षा तिवारी मुखिया, मुस्लिम कोटातर्फ १ जना : सराज अहमद फारुकी रहेका छन ।

माओवादी केन्द्र – माओवादी केन्द्रले समानुपातिक तर्फ प्रतिनिधि सभाका लागि १४ सांसदको विवरण निर्वाचन आयोगमा बुझाएको छ । माओवादीको आज बसेको बैठकले १४ सांसद मध्ये १२ महिला र २ पुरुष सांसद छानेको छ । माओवादीले निर्णय गरे अनुसार समानुपातिक समावेशी आधारमा छानेका सांसदहरुको सूची यसप्रकार रहेको छ ।

आदिवासी महिलातर्फ : दुर्गा राई, मिना तामाङ, उर्मिला माझी पौडेल, छिरिङ ल्यामु लामा तामाङ, खस आर्य पुरुष तर्फ : हितराज पाण्डे, खस आर्य महिला तर्फ :ज्ञानु बस्नेत सुवेदी, विमला सुवेदी, नारायणी शर्मा, थारु महिला तर्फ : रुपा सोसी चौधरी, दलित पुरुष तर्फ : रणेन्द्र वराली, दलित महिला तर्फ :सुशिला श्रीपाली ठकुरी, मधेशी महिला तर्फ : मिना यादव र उमरावती देवी यादव, मुस्लिम महिला तर्फ : कल्पना मियाँ रहेकी छिन । उमरावती देवी यादव डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीबाट छनौट भएकी छिन् ।

रास्वपा – राष्ट्रिय स्वतन्त्र पार्टीले पनि आयोगमा समानुपातिकको सूची बुझाएको छ । समावेशी समानुपातिक पद्धति अनुसार रास्वपाले निम्न सांसद छानेको छ : आदिवासी-जनजाति कोटाबाट डा.ढाकाकुमार श्रेष्ठ, इन्दिरा रानामगर, सुमना श्रेष्ठ, खस-आर्य कोटाबाट डा.चन्दा कार्की, डोलप्रसाद अर्याल, निशा डाँगी, विनीता कठायत, दलित कोटाबाट सन्तोष परियार, शिव नेपाली, मधेसी कोटाबाट लक्ष्मी तिवारी, मनिष झा, थारु कोटाबाट अशोककुमार चौधरी, मुस्लिम कोटाबाट असिम शाह लाई सिफारिस गरिएको छ ।

जसपा – जनता समाजवादी पार्टी (जसपा) ले समानुपातिक सा.सदको टुंगो लगाएको छ । पार्टीको कार्यकारिणी समितिको बैठकले प्रतिनिधिसभाका ५ जना समानुपातिक सांसदको नाम टुंगो लगाएको हो ।

जसपाका नेता प्रमोद यादवले पुरुषतर्फ प्रकाश अधिकारी र सहनाज रहमानको नाम निर्वाचन आयोगसमक्ष सिफारिस भएको जानकारी दिए । यस्तै महिलामा सुशीला श्रेष्ठ, रन्जु झा र रेखा थापा यादवको नाम सिफारिस भएको उनले बताए ।

राप्रपा – राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले प्रतिनिधिसभाको समनुपातिकतर्फका ७ सांसदको सूची तयार गरेर निर्वाचन आयोगमा बुझाएका छन् । राप्रपा उच्च स्रोतका अनुसार पुरुष दुई जनामा पूर्वअध्यक्ष पशुपति शमशेर जबरा र उपाध्यक्ष बुद्धिमान तामाङको नाम सिफारिस गरिएको हो ।

यस्तै ५ जना महिलामा रोशन कार्की, बिना लामा, बिना जयशवाल, अनिशा नेपाली र गीता बस्नेतको नाम सिफारिस भएको छ । पार्टीभित्र समानुपातिकको विषयमा विवाद र पार्टी कार्यालयमै होहल्ला समेत भएपछि राप्रपाले निर्वाचन आयोगमा गोप्य रुपमा यी ७ जनाको सूची बुझाएको छ ।

स्रोतका अनुसार अझै दुई दिन आयोगमा समानुपातिकको नाम सच्याउन सकिने म्याद हुने भएकाले विवाद चर्किएमा यो नाममा फेरबदल हुनसक्ने सम्भावना समेत छ ।

राप्रपामा पूर्वअध्यक्ष डा प्रकाशचन्द्र लोहनी र बुद्धिमान तामाङमध्ये हो समानुपातिक सांसद बन्ने भन्नेमा तीव्र विवाद भएको छ । सो विवादका कारण बसेको पार्टीको कार्यसम्पादन समितिको बैठकले अध्यक्ष राजेन्द्र लिङ्देनलाई अन्तिम सूची तय गर्ने जिम्मेवारी दिइएको थियो ।

सोही अनुसार लिङ्देनले नेताहरुसँग परामर्श गरेर नाम आयोगमा पठाएका हुन् । सूचीअनुसार बन्दसूची तयार गर्दादेखि नै आफ्नो नाम एक नम्बरमा हुनुपर्ने दाबी गर्दै आएका प्रकाशचन्द्र लोहनी संसद बन्न असफल भएका हुन ।

जनमत– डा. सिके राउत नेतृत्वको जनमत पार्टीले पनि समानुपातिकमा पठाउने सांसदको नाम छनोट गरेको छ । जनमतले समानुपातिकमा अनिता साह, सोनु मुर्मुर, अब्दुल खान, बिनिताकुमारी सिंह र गोमा सापकोटालाई पठाएको छ ।

# किसान संग मल विउमा बढि रकम असुल्दै

मुकेश यादव - सिरहा, मंसिर २४ ।

किसानलाई सहजरुपमा गहुं र मलखाद्य वितरण गर्ने ठेक्का पाएका फर्मले कृषकहरुसँग बढी रकम लिने गरेको पाईएको छ ।

सिरहा नगरपालिका-१ मा रहेको यादव विज भण्डारले नगर पालिकाका विभिन्न वडाका किसानसँग तोकिएको मूल्यभन्दा बढी रकम लिने गरेको पाईएको हो ।

तराईमा किसानलाई गहुँ खेति चटारो लागेकावेला यादव विज भण्डारका संचालक बलराम यादबले विभिन्न वहाना बनाउँदै




किसानलाई बाध्य पारेर बढी रकम लिने गरेको स्थानिय कृषक राम औतार यादबले आरोप लगाएका छन ।

उनका अनुसार ‘विक्रेता यादवले सिरहा नगरपालिकासँग गहुँको वीउ ७१ रुपैयाँको दरले उपलब्ध गर्ने सम्झौता गरे पनि किसानहरु संग ३० रुपैया बढी रकम लिने गरेको उनको गुनासो छ ।

चालू आर्थिक वर्षमा सिरहा नगरपालिकासँग गहुं वीउ, युरिया मल, डिएपी र सायनिक मल आपूर्ति गर्ने ठेक्का कबूल गरेको छ । तर, नगरपालिकासँग १ हजार ४२० रुपैयाँमा बेच्ने गरी ४० किलोको गहुँको वीउको व्रिकेता यादवले ३० रुपैयाँ बढ्ी १ हजार ४५० रुपैयाँमा विक्री वितरण गरिरहेको किसानहरुको आरोप छ ।

त्यस्तै डिएपी मलमा प्रति बोरा २ हजार ५०० र खुद्रामा ५२ को दररेट कायम गरेको छ। त्यसका विपरीत प्रति बोरा १ सय रुपैयाँ बढी लिएको अर्का किसान किसुन यादब बताउछन् ।

उनले ‘एक बोरा डिएपी मल लिदा २ हजार पाँच सय रुपैयाँ लिनुपर्ने भएपनि विक्रेता यादवले १ सय रुपैयाँ बढी २ हजार ६ सय रुपैयाँ लिएपछि मात्र मल - बाँकी पृष्ठ ५ मा

## रेडियो वीरगंजको २० औं वार्षिकोत्सवमा

# २४ महिला सहित ३ सयले गरे रक्तदान



मधेशदृष्टि
वीरगंज, मंसिर २४ ।

मध्यतराइकै पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले आफ्नो प्रसारणको २० वर्ष पुरा गरी गौरवमय २१ औं वर्षमा प्रवेश गर्ने अवसरमा शनिबार वृहत रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

शनिबार विहान ७ बजे देखि आयोजना भएको रक्तदान कार्यक्रममा २४ महिला सहित ३ सय जनाले रक्तदान गरेको रक्त संचार केन्द्र वीरगंजका प्रमुख सौरभ राज पाण्डेले बताए ।

रक्तदान गर्नेहरुमा नारायणी अस्पतालका चिकित्सक डा. उदय नारायण सिंह, वीरगंज हेल्थ केयरका संचालक डा.अबुल हैस, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका महासचिव श्याम बन्जारा, रेडियो बाँकी पृष्ठ ६ मा




# रेडियो वीरगंजको २० औं वार्षिकोत्सवको अवसरमा शनिबार रेडियो परिसरमा आयोजित वृहत रक्तदान कार्यक्रमको झलक ।















































## संक्षेप समाचार

### लागु औषध सहित २ पक्राउ

बाराबाट प्रतिबन्धित लागु औषधसहित प्रहरीले २ जनालाई नियन्त्रणमा लिएको छ । जिपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २२ तिन नम्बर पुलबाट प्रहरीले २ जनालाई पक्राउ गरेको हो । २७ वर्षीय रोसन मगर र २९ वर्षीय लोप्चनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। उनीहरुको साथबाट प्रहरीले २९ वटा नाइट्राभेट ट्याबलेट र ५० ग्राम गाँजा पनि बरामद गरेको छ ।

### अचेत अवस्थाका युवकको मृत्यु

बारामा घरमै अचेत अवस्थामा फेला परेका एक युवकको मृत्यु भएको छ । पचरौता नगरपालिका- ७ का २६ वर्षीय नागेन्द्र मुखियाको उपचारका क्रममा शुक्रबार राति पौने १२ बजे मृत्यु भएको प्रहरीले जनाएको छ ।

शुक्रबार राति सवा १० बजे घरमा अचेत अवस्थामा रहेको भनी प्रहरीलाई खबर आएको थियो । प्रहरी टोली पुगेर नागेन्द्रलाई उपचारका लागि वीरगञ्जको नारायणी अस्पताल पठाएको थियो । उपचारको क्रममा राति पौने १२ बजे नागेन्द्रको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

यसैगरी मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा बाराको सिम्रौनगढ नगरपालिका- १० बस्ने ३० वर्षीय रतन दासको मृत्यु भएको छ । शुक्रबार बेलुका बाराको माहागढीमाई नगरपालिका-८ थलहीपुलमा भएको दुर्घटनामा परी घाइते भएका रतनको उपचारको क्रममा मृत्यु भएको हो । कलैयाबाट लंगडाचोक जाँदै गरेको रतन सवार ना २४ प ५३२५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई पुलको डिभाइडरमा ठोक्किएको थियो । टाउकोमा चोट लागेर गम्भीर घाइते भएका उनको कलैया अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए ।

### बर्दिबासमा एकैराति ३ पसलमा चोरी

महोत्तरीको बर्दिवासमा एकै रातिमा तीन वटा पसलमा चोरी भएको छ । बर्दिवासस्थित पन्चधुरा मसला मिल तथा माहादेव जेनरल किराना पसल, खड्का सप्लायर्स कोल्ड र आराध्य अटो मोटर पार्टस एण्ड सर्भिसेज सेन्टरबाट चोरी भएको प्रहरीले जनाएको छ ।

खड्का सप्लायर्स कोल्ड स्टोरबाट सामान र नगद गरी झण्डै ७० हजार, पन्चधुरा मसला मिल तथा माहादेव जेनेरल स्टोरवाट सामान र नगद गरी झण्डै एक लाख बराबरको सामान चोरी भएको इलाका प्रहरी कार्यालय बर्दिवासले जनाएको छ ।

त्यसैगरी आराध्या मोटर पार्टसबाट सामान र नगद गरी दुई हजार बराबरको चोरी भएको उक्त मोटर पार्टसका संचालक बिक्रम थापाले जानकारी दिए ।

आराध्य मोटर पार्टस र खड्का सप्लायर्स कोल्ड स्टोरसगै जोडिएका छन् । खड्का सप्ल्यार्स कोल्ड स्टोरमा पुग्न आराध्या मोटर पार्टसको सटर प्रयोग गरेको पाइएको छ ।

आराध्या मोटर पार्टसबाट मान्छे छिर्न सक्ने प्वाल बनाएर पसलमा चोरी गरेको खड्का सप्ल्यार्स कोल्ड स्टोरका संचालक सुरज खड्काले बताए ।प्रहरीले शंका लागेका केहीलाई निगरानी बढाएको छ । पीडितहरुले शंका गरेका सेहीनाइ निगरानी बढाइएको इलाका प्रहरी कार्यालय गौरिडाडाले जनाएको छ ।

प्रहरीको अनुसार पन्चधुरा मसला मिल तथा माहादेव जेनरल किराना पसलको छानोको जस्ता उखलेर चोरभित्र पसेको देखिएको छ ।

### रेडिमेड पसलमा आगलागी, लाखौको क्षति

जनकपुरधामको जनकचोकस्थित शिवानी रेडिमेड पसलमा गएराति आगलागी हुँदा करिब २० लाख रुपौयाँ बराबरको क्षति भएको छ।

स्थानीय बजरङ्ग चौधरीले सञ्चालन गरेको सो पसलमा शुक्रबार राति करिब ११ बजे विद्युत् सर्ट भएर आगलागी हुँदा कपडा र रेडिमेट सामानसहित करिब २० लाखको क्षति भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

पसलमा बिजुलीको कारण आगलागी भएको हुनसक्ने पसलका सञ्चालक चौधरीले बताए।प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो ।

# तरकारी खेतीमा सिचाई प्रमुख समस्या



विकास अग्रवाल
रौतहट, २४ मंसिर ।

सिचाई आभावका कारण सममयमै तरकारी उब्जाउन नसकेपछि रौतहटका किसानहरु समस्यामा पर्न थालेका छन् । खेतमा बिउ राखेपनि सिचाई आभावका कारण समयमै तरकारी उब्जाउन नसकेपछि किसानहरु चिन्तित बन्न थालेका हुन् । रौतहटको इशनाथ नगरपालिकाका सयौ किसानहरु स्थानीय निकाय तथा कृषि ज्ञान केन्द्रमा धाउँदा समेत कुनै चासो नदेखाएको आरोप किसानहरुको रहेको छ । खेतबारीसम्म बिजुलीको पोल ढड्याईएपनि लाइन बिस्तार नहुँदा किसानहरुले सिचाई गर्न नसकेको गुनासो स्थानीय किसान देबेन्द्र पासवानको रहेको छ ।

खेत वरीपरी बिजुलीको पोल रहेपनि विद्युत आपूर्ति नहुँदा समयमै सिचाई गर्न नसकेको उनी भन्छन् 'जसका कारण भारतीय तरकारी पहिल्यै बजारमा आईपुग्छ, हाम्रो एक महिना ढिलो हुन जान्छ । देवेन्द्र सिजन अनुसारको नँया तरकारी सुरुमै बजारसम्म पुरयाउँदा राम्रो आम्दानी हुने तर नेपालमा सिंचाई लगायतका पूर्वाधार नभएकोले ढिलो उत्पादन हुने बताउँछन् । वार्षिक रुपमा राम्रो कमाई गर्दे आएपनि भारतीय तरकारीको मुल्यको प्रतिस्पर्धा गर्न नसकेको उनीहरु बताउँछन् । समयमै सिचाई तथा मलजलको व्यवस्था भए भारतीय तरकारीको प्रतिस्पर्धा गर्न आफूहरु सक्षम रहेको किसान बताउँछन् । अर्का किसान जयनाथ पासवान भन्छन् 'भारतबाट आयात गरिएको तरकारी सस्तो र चाडै बजारसम्म आईपुग्छ । ' आफूहरुले सिंचाइका लागि स्थानीय तथा प्रदेश स्तरमा कुरा राख्दा कुनै सुनवाई नभएको पासवान बताउँछन् ।

करिब ८ कठ्ठा जग्गा लिजमा लिएर सिजन अनुसारको तरकारी उब्जाउँदा वार्षिक दुई लाख कमाउन सफल भएको अर्का किसान उपेन्द्र महतो बताउँछन् । तरकारी खेती गर्दा खर्च बढी हुने भएकोले सोचे जती लगानी उठन नसकेको उनको भनाई रहेको छ । उपेन्द्र भन्छन् 'हामीले समय समयमा सिंचाई गर्नुपर्दछ, मल, दैनिक ज्यालादारीमा मजदुर, किटनाशक औषधी, लगायतका विभिन्न शीर्षकमा खर्च गर्नुपर्छ, मिहिनेत अनुसारको फाइदा हुन सकेको छैन ।' सिंचाई लगायतका समस्याका साथसाथ ढिलो उत्पादन हुने भएकोले समस्याहरु आउँने गरेको किसानहरु बताउँछन् । छ । समयमा मल, बिउ तथा दैनिक ज्यालादारीमा कामदार नपाउने भएकाले तरकारी खेतीबाट किसानहरु निराश बन्न थालेका छन् ।

सम्बनिधत निकायले खेतसम्म सिचाईकैमात्र सुविधा पुर्‍याए तरकारी खेतीबाट मनग्य आम्दानी हुने सम्भावना किसान औल्याउँछन् ।

सरकारी निकायहरुबाट तालिम दिनेसम्मका कामहरु नभएको उनीहरु बताउँछन् । विशेष गरेर औषधी र विषादीहरु कसरी, कति छर्ने भन्दा जस्ता कुराको राम्रो जानकारी हुनुपर्ने किसान महेश साह बताउँछन् । साहका अनुसार गत वर्ष इशनाथ नगरपालिकाले किसानहरुको हकहितका लागि करिव दश लाख मुल्य बराबरको रकम छुटयाएपनि बिचौलिया तथा कार्यकर्ताहरुले बाडेर खाएको आरोप साहको छ ।इशनाथ नगरपालिका लगायत विभिन्न स्थानीय निकायहरुमा तरकारी खेतीका लागि ब्लक निमार्ण गरेर आवश्यक सम्पूर्ण व्यवस्था उपलब्ध गराएको कृषि ज्ञान केन्द्र रौतहटले जनाएको छ । विभिन्न किसानहरुको खेतमा सिचाईका लागि बोरिङ्ग निमार्ण गरिएको भएपनि विद्युत आपूर्तिका कारण सञ्चालन नभएको स्वीकार्दै कृषि ज्ञान केन्द्रले बेला बेलामा किटनाशक औषधी तथा किसानहरुलाई तालिमहरु दिदै आएको दाबी गर्दछ ।

आफनो तथा जग्गा लिजमा लिएर इशनाथ नगरपालिकाको सयौं बिध्धा जग्गामा किसानहरुले तरकारी खेती गर्दे आएका छन् । उनीहरुले उब्जाएको तरकारी जिल्लाको विभिन्न बजार तथा राजधानी काठमाण्डौसम्म जाने गरेको छ ।

# नाकारात्मक समाचार र सूचनाले आत्महत्यालाई प्रोत्साहन

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २४ ।

नाकारात्मक समाचार तथा सूचनाका कारण पनि समाजमा आत्महत्या जस्तो घटनालाई प्रोत्साहन मिल्ने गरेको भन्दै सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन ।

नेपाल पत्रकार महासङ्घ धनुषा शाखाद्वारा शनिवार जनकपुरधाममा आयोजित सरोकारवालाहरुसंगको संवाद कार्यक्रममा सहभागीहरूले विभिन्न सञ्चार माध्यममा र सामाजिक सञ्जालमा आत्महत्याको तस्वीर तथा समाचारले किशोर किशोरीमा नाकारात्मक असर पार्ने गरेको र त्यसले आत्महत्या जस्ता घटनालाई प्रोत्साहन दिने गरेको बताए ।

उनीहरुले त्यस्ता किसिमको सामाग्रीहरू सञ्चार माध्यम र सामाजिक सञ्जालमा नियन्त्रण र रोकथाम आवश्यक रहेको कुरामा जोड दिए ।

कार्यक्रममा मनोविद् पद्म प्रसाद घिमिरेले आत्महत्या गर्नुको प्रमुख कारणमा आर्थिक समस्या सबैभन्दा बढी रहेको बताए । आर्थिक कारणले ८० प्रतिशत, पारिवारिक कारणले १५ तथा मानसिक कारणले पाँच प्रतिशतले आत्महत्या गर्ने गरेको अहिलेसम्मको तथ्यांकमा पाइएको जानकारी मनोविद् घिमिरेले दिए ।

आत्महत्याका घटनामा कमी ल्याउन नैतिक शिक्षामा जोड दिन आवश्यक भएको बताउँदै उनले आत्मबलको विकासका लागि योग आवश्यक रहेको उनले सुझाव दिए ।

पत्रकारहरूले पनि समाचार तथा सूचना दिँदा समाजमा सकारात्मक प्रभाव पार्ने किसिमले दिनुपर्नेमा मनोविद् घिमिरेले जोड दिए ।

नेपाल पत्रकार महासङ्घ धनुषाका कार्यवाहक अध्यक्ष अबधेश कामतको अध्यक्षतामा भएको कार्यक्रममा धनुषाका पत्रकारहरू सहभागिता रहेको थियो ।

# श्रीमतिलाई सांसद बनाएकोमा नेसपामा विवाद

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २४ ।

नेपाल संघीय समाजवादी पार्टीको तर्फबाट अध्यक्ष महुमद रिजवान अन्सारीले मधेस प्रदेशका समानुपातिकतर्फ आफ्नो श्रीमतिको नाम चयन गरेकोमा पार्टी भित्र विरोध शुरु भएको छ । सो पार्टीका मधेसी उम्मेदवार कमलेश्वरप्रसाद साहले बन्दसूची अनुसार मधेसी कोटाअन्तर्गत उम्मेदवार कायम गर्न माग गरेका छन् । पार्टी अध्यक्ष रिजवान अन्सारीले बन्दसूचीअनुसार आफ्नो नाम कायम नगरेर आफ्ना श्रीमती विमला अन्सारीको नाम सिफारिस गरेको भन्दै साहले आपत्ति जनाएका हुन् । रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै साहले आयोगसमक्ष आफ्नो उम्मेदवारी कायम गर्न माग गरेका छन् । उनले भने,' संघीय समाजवादी पार्टीबाट मधेस प्रदेशसभामा एक सिट समानुपातिकतर्फ प्राप्त भएको थियो ।

सो १ सिटको लागि मधेस प्रदेशको लागि पहिला मधेसी उम्मेदवारले प्राप्त गर्ने र पछि अर्को समुदायले पाउने भन्ने पार्टीको नीति, नियम समेत रहेको अवस्थामा पार्टीले पेस गरेको बन्द सूचीका आधारमा मेरो नाम सिफारिस भएको थियो ।' तर पार्टी अध्यक्ष अन्सारीले गलत मनसाय राखी नियमविपरित आफ्नै श्रीमती विमला अन्सारी (मुस्लिम) को नाम समानुपातिक उम्मेदवारमा सिफारिस गरेको भन्दै विरोध गरेका छन । उनले यसबारेमा आयोगसमक्ष निवेदन पनि दिएको जानकारी दिए ।



# प्राविधी विद्यालयमा करार कर्मचारीको हप्की दप्की

मधेशदृष्टि
प्रस वीरगज, मंसिर २४ ।

मधेश प्रदेशको बहुप्राविधिक शिक्षालय प्रसौनि बारामा कार्यरत कर्मचारीहरु बिचको मतान्त्ररको कारण विद्यालयको शैक्षिक वातावरण प्रभावित बनेको छ ।

केही नेताहरुको संरक्षणमा सिनियर कर्मचारीलाई पाखा लगाई करारमा काम गर्ने कर्मचारीहरुको हाली मुहाली बढ्दै गएपछि कर्मचारीहरु बिच मनमुटाव सुरु भएको छ । आपसी मनमुटावको कारण अध्यन अध्यापनमा समेत असर परिरहेको समाचार स्रोतले जनाएको छ ।

सम्बधित बिषयका कर्मचारीहरु भएपनि पाखा लागाई स्वास्थय क्षेत्रमा काम गर्ने टेकराज पौडेललाई शिक्षालय प्रमुख बनाईएको छ । जवकी विद्यालयमा स्वस्थ्य सेवाको पढाई संचालन छैन । राजनीती संरक्षणमा मुकेश साहलाई सो विद्यालयमा सरुवा गरी करारको कर्मचारीलाई प्रशासन प्रमुख बनाएपछि बिद्यालयमा विवाद बढेको हो । पटक पटक विवादमा तानियएका तथा विभागीय कारवाही समेत भोगेका साह अहिले सम्म राजनिती संरक्षणको कारण सुरक्षित छन् ।

हालै संचालनमा आएका सो प्राविधी बिद्यालयमा अहिले नै कर्मचारीहरु कमाई खाने भाँडो बनाउन थालेपछि हविगत के हुने हो स्थानीय चिन्ता व्यक्त गर्दछन् । स्रोतका अनुसार सो शिक्षलयको भवन बनाउनको लागी स्थानिय सरकरले ५ बिगहा जग्गा निशुल्क कलेजको नाउमा गरि दिएपछि भवन भनाउनका लागी संघ सरकारले ३ करोड रकम समेत बिनीयोजित गरेको अवस्था छ । स्रोतका अनुसार सिटिभिटी अन्तर्गत संचालनमा रहेको सो विद्यालयमा करारका कर्मचारी साहको पहलमा नै पौडेललाई प्रमुख बनाएको र मिलीजुलीमा रकम हिनामिना गर्ने गरे अन्य कर्मचारीहरु रुष्ठ भएका छन ।सिटीभिटीका सदस्य सचिव जिवनारायण काफले नजिकको करार कर्मचारीको रुपमामा रहेको साहको निर्देशनमा नै कर्मचारी खटनपटन हुनेको स्रोतले बताउका छन । साहले योग्ता नपुगेका आफनै श्रीमतीलाई लाईब्रेरि ईन्चार्ज समेत बनाएका छन । बाराको प्रसौनी मात्र हैन मधेशमा नै सदस्य सचिव काफलेले रोजको ठाँउमा साहलाई पठाउने गरेको स्रोत बताउँछन ।

रौतहटमा रहेको नर्सिग कलेजमा साह प्रशासन प्रमुख भएको बेला आफनै श्रीमतीलाई पियनमा जागिर लगाई नक्कली हस्ताक्षँर गरि रकम झिक्दै आएको कारण विवादमा साह मुछिएका थिए । हालैमा सरुवा भई आएका साहले बाराको प्रसौनीमा सरुवा भई आएपछि पुन बिवादमा तानिएको अवस्था छ । बिद्यालयका एक कर्मचारी अनुसार अभिभावकलाई बिद्यालयमा बोलाई केही खर्च गरेमा बिद्याथीहरुलाई पास गराउन चिटको व्यवस्था मिलाई दिने भन्ने गरेको बताउछन । कर्मचारीहरुलाई थाहै नदिई कार्यलय छोडी हिडने काम भन्दाबढी नेताहरुको पछि पछि हिडने उनको बानी रहेको स्रोतको भनाई छ ।

# भट्टराईलाई श्रद्धांजलि

मधशेदृष्टि - सप्तारी, मंसिर २४ ।

मिथिला साहित्य-कला प्रतिष्ठान नेपालले (मिलाफ) ले मिडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष शिवहरी प्रसाद भट्टराईको निधनमा श्रद्धान्जली सभा आयोजना गरेको छ ।

सो सभामा नेपाल पत्रकार महासंघका पुर्व अध्यक्ष एवं प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले सप्तरीका वरिष्ठ पत्रकार शिवहरी भट्टराईको प्रत्रकारिता जिवनबारे प्रकाश पारे ।

उनले भट्टराई प्रति श्रद्धा सुमन अर्पण गर्दै उनको निधनले पत्रकारीता जगतमा अपुर्णीय क्षति भएको बताए ।

यसैगरी पत्रकार विनय कर्णले नयाँ पिढीको पत्रकारलाई अनुशासित भएर पत्रकारिता गर्न स्व. भट्टराईले प्रेरणा दिएको उल्लेख गरे । दिवंगत भट्टराईलाई श्रद्धान्जली दिदै "हाम्रा अग्रज बरिष्ठ पत्रकार शिवहरी प्रसाद भट्टराई हाम्रो मन मस्तिष्कमा सधैं जिवित रहनु हुनेछ" कर्णले भने ।

### मिलाफको पाँचौ बार्षिकोत्सव

# रेडियो भोरुकवा सम्मानित



विनय कर्ण
सप्तरि, २४ मंसिर ।

मैथिली साहित्य कला प्रतिष्ठान नेपाल (मिलाफ) ले विविध कार्यक्रम गरि शनिवार आफ्नो पाचौं वार्षिकोत्सव मनाएको छ । मैथिली भाषा, साहित्यको उत्थान र संरक्षण एवं मिथिलाको कला संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले २०७४ सालमा स्थापना भएको संस्थाले पाँचौ वार्षिकोत्सव मनाएको हो ।

वार्षिकोत्सवको अवसरमा विद्यापति स्मृती पर्व, हाजरी जवाफ प्रतियोगिता, साहित्यिक गोष्ठी, सांगितिक कार्यक्रम, मिडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष स्व.शिवहरी भट्टराईको श्रद्धाञ्जली सभा र सम्मान तथा पुरस्कार वितरण सहितका कार्यक्रम गरिएको संस्थाका संस्थापक अध्यक्ष देवेन्द्र मिश्रले जानकारी दिए ।

मिलाफका अध्यक्ष रमिला साहको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेशका उप-सभामुख उपमा देवले विभिन्न पुरस्कार वितरण गरे ।

संस्थाले विगत ६० महिना देखि मैथिली साहित्यिक गोष्ठी प्रत्येक महिनाको अन्तिम शनिवार पारेर गर्दे आएको छ । यो ६१ औं महिनाको कार्यक्रम भएको संस्थाले जनाएको छ ।

मिथिला साहित्य-कला प्रतिष्ठान नेपाल (मिलाफ) ले सप्तरीको पहिलो रेडियो भोरुकवा एफ एम ९२.८ मेगाहर्ज राजविराजलाई 'सुखी-फूलो मिथिला गौरव सम्मान २०७९' पुरस्कार बाट सम्मानित गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका उप-सभामुख उपमा देवले एफ.एम. का कार्यक्रम प्रमुख विनय कर्णलाई सम्मान-पत्र तथा नगद रु दुई हजार १ सय हस्तान्तरण गरे ।

"मैथिली भाषामा विज्ञापन निर्माण र मैथिली भाषामा समाचार तथा कार्यक्रम प्रसारण गर्ने सप्तरीकै पहिलो रेडियो भोरुकवा एफ.एम.ले मैथिलीको विविध बोलीलाई महत्व दिएर भाषिक जागरण तथा मैथिली अभियानलाई निरन्तर अगाडी बढाउँदै मैथिली भाषा, साहित्य, कला, संस्कृतीको उन्नयमा गरेको अनुकरणीय योगदानको उच्च मुल्यांकन गर्दै यो सम्मान-पत्र प्रदान गरिएको छ" सम्मान-पत्रमा भनिएको छ ।

मैथिली भाषाको उत्थान र मिथिला संस्कृती संरक्षणमा विगत १५ वर्ष देखि निरन्तर गर्दै आएको योगदानको उच्च कदर गर्दै रेडियोलाई सम्मान र पुरस्कार प्रदान गरिएको चयन समितिका संयोजक देवेन्द्र मिश्रले बताए ।

यसैगरी हाजिरी जवाफ प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई पुरस्कार प्रदान गरिएको छ ।

मैथिली भाषाकै प्रश्नहरु मा आधारित सो प्रतियोगितामा लिटिल फ्लावर सेकेणड्री स्कूल प्रथम, हेप्पीलेण्ड सेकेण्ड्री स्कूल द्वितीय र दुर्गा सेकेण्ड्री स्कूल तृतीय भएका थिए । प्रतियोगीहरुलाई प्रमुख अतिथि देवले पुरस्कार वितरण गरे ।

# विद्यापतिबारे चर्चा

मधेशदेष्टि
राजविराज, मंसिर २४ ।

कार्यक्रममा महाकवि विद्यापतिले मैथिली भाषा साहित्य प्रति गरेको योगदान वारे संस्थाका संस्थापक अध्यक्ष देवेन्द्र मिश्रले चर्चा गरे ।

उनले महाकवी विद्यापतिलाई मैथिली भाषाको पहिलो आन्दोलनकारी बताए । "जुन युगमा संसकृत भाषाको दवदवा थियो, त्यस बेलामा विद्यापतिले मैथिलीमा विभिन्न गीत र ग्रन्थ रचना गरेर क्रान्ति ल्याएका थिए" मिश्रले भने, "विद्यापतिले जनजनको बोलीलाई साहित्य रचनामा स्थान दिए, उनले रचना गरेको गीत अहिले पनि हाम्रो संस्कार कर्ममा गाईन्छ ।"

मैथिली साहित्य परिषद सप्तरीका पुर्व अध्यक्ष विष्णुकुमार मंडलले देशमा संघीयतामा गईसकेको भएपनि राज्यले मैथिलीलाई उपेक्षा गरिरहेको वताए । राजनीतिका कारण यो प्रदेशको नाम मिथिला प्रदेश नहुनु दुःखद भएको बताए ।

"एतिहासिक आधार भएको भएपनि मिथिला नाउँबाट प्रदेश नबनाउनु राजनीति गर्ने नेताहरुको भूल हो" मंडलले भने ।

## सम्पादकीय

# बढ्दो चोरी, बढ्नु पर्यो प्रहरी सक्रियता

आम निर्वाचन पछि अहिले सरकार बन्ने बनाउँने राजनीति चर्चामा छ। मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र भनिए पनि प्रदेश राजधानीहरुमा सुनसान छन् । सबै संघीय राजधानी काठमाण्डौको चिसोमा सक्रिय छन् । यता, मधेशका जिल्लाहरुमा चोरी बढेको छ । बिजुलीका ट्रान्सफर्मर, स्काभेटरका ब्याट्री तथा वनजङ्गलबाट सालका काठ । जिम्मेवार अधिकारीहरु सुरक्षा संयन्त्र चुनावी प्रयोजनमा सक्रिय रहेको बेला जङ्गलबाट सालका काठ चोरी तस्करी भएको जवाफ दिन्छन् । चुनाव सम्पन्न भएर जनजिवन सामान्य लयमा फर्किएको बेला पनि चोरी नियन्त्रणमा छैन, बढ्दो छ । मोटरसाइकल, हेलमेट चोरीका घटना पनि बढेका छन् । सहर बजारमा घर घरमा हुने चोरी पनि बढेको बढैछ ।

वन जङ्गलको काठ होस वा सडकमा राखेको मोटर साइकल चोरी हुनु भनेको सुरक्षा नहुनु हो । सुरक्षा दिने काम सरकारको हो । खासमा प्रहरी को हो । प्रहरी चुनावमा होमिएको मौंकामा चोरी बढेको हो भने अहिलेसम्म नियन्त्रणमा आइसक्नुपर्ने । तर, खासमा मुलुकमा काम चलाउ सरकार भएकोले प्रहरी प्रशासनले आफ्नो मुख्य जिम्मेवारी प्रति उती सारो ध्यान दिन नसकेको त होइन ? प्रहरी पनि काम चलाउको हैसियतमा पुगेको हो कि ? घटनाहरुले यस्ता प्रश्न मुखरित भएका हुन् । त्यसो त कतिपय घटनामा प्रहरीकै संलग्नता पनि देखिन्छ, प्रत्यक्ष अप्रत्यक्ष । चोरी नियन्त्रणमा प्रहरीले प्राथमिकताका साथ ध्यान दिन आवश्यक छ ।

घरबाट हुने चोरी लगायतका चोरी भन्दा अलिक फरक अवस्था छ । वनबाट काठ चोर्ने काम । यसमा वर्षोदेखी यसैमा संलग्नहरु सक्रिय हुन्छन् र निश्चित काठ पसलहरुमा लगेर विक्री गर्ने एउटा संयन्त्रनै हुन्छ । साइकल, रिक्सा, इरिक्सा जस्ता साधनमा दाउरा बोकेर जस्तो गरेर दाउरा भित्र काठका गोलीया ल्याएको पनि भेटिएको छ ।

वनहरुमा दोहोरो जिम्मेवारी छ । एउटा वनका कर्मचारी को । अर्को स्थानीय उपभोत्ताहरुको । रौतहटमा डिभिजन वन कार्यालय अर्न्तगतको रामलाल वृन्दावन साझेदारी वन उपभोक्ता समिति, जंगलसहिया साझेदारी वन उपभोक्ता समिति, र रंगपुर साझेदारी वन उपभोक्ता समितिको क्षेत्रमा पर्ने वनमा तस्करहरुले सालका काठहरु चोरी तस्करी गरेको गर्दे आएका छन् । वृन्दावन नगरपालिकामा पर्ने रामलाल वृन्दावन साझेदारी वन उपभोक्ता समितिको मातहतमा रहेको वनबाट दुई साताको अवधीमा रौतहट र सलार्हीका काठ तस्करहरुले करिब दुई दर्जन काचो सालका रुखहरु काटेर लगेको फेला परेपछि दुबै जिम्मेवार सामु प्रश्न उपस्थित भएको छ । रौतहाटमा ११ वटा वन उपभोत्ता समिति छन् । ती समितिको मुख्य काम भनेको वन पैदावारको स्थानीय उभोग गर्ने र वनको रुक्षा पनि गर्ने । आ

स्थानीयलाई आवश्यक धाँस, दाउरा लगायतका वन पैदावार आवश्यक हुन्छ । त्यस आधारमा त्यसको रक्षामा पनि स्थानीयनै बढी जिम्मेवारी र जवाफदेही हुनुपर्ने हो । तर

वनमा चोरी तस्करी गर्नेहरु हातहतियार समेत लिएर हिड्ने भएकोले स्थानीय खतरा मौल्न चाहदैनन् । त्यस्तो अवस्थामा सरकारका हातहतियारले सुसज्जित वन पाले आवश्यक हुन्छ । मुख्य कुरा नियत हो । चाडवाड र राजनीतिक माहौलको समय पारेर मौका छोप्नेहरु सक्रिय भएको घटनाले आउँदा दिनमा सतर्कता अपनाउँन सहज हुन्छ । तर, मुख्य कुरा वनका कर्मचारी र कतिपय उपभोत्ता समितिका जिम्मेवारहरुकै चाहना अनुसार वन मास्ने काम भएको समेत पाइएको छ । त्यस्तो अवस्थामा उपभोत्ता समितिका अन्य सदस्यहरु चनाखो हुनुपर्ने हुन्छ । मुलुकमा जसरी भष्ट्र आचरण मौलाएको छ । त्यसको प्रभाव र असर समाजमा हरेक अंगमा पर्दछ, परिरहने हुन्छ । चोरी तस्करी बढ्नु भनेकै भष्ट्र आचरणको बोलवाला हुनु हो । नियन्त्रणका लागि सामन्य सूत्र चोरीका घटना बढिरहेका छन्, प्रहरी सक्रियता त्यसै अनुसार बढ्नु पर्यो ।

**कबीरा खडा बाजार**

# प्रश्न राखौं तपाई मुख्यमन्त्री किन बन्ने ?



- चन्द्रकिशोर

*यतिखेर कुनै अमूक दल व पात्रलाई संघीयता कार्यान्वयनमा अवरोधकका रूपमा मतदाताको अदालतमा उभ्याइएको छैन । उसो त संविधानको रक्षा जस्ता अमूर्त कुरा सुनिएको छ तर ब्यवहारमा प्रादेशिक राजनीतिलाई कुपोषित गर्ने खेल जारी छ । जो छ त्यसलाई जिवन्त कसरी बनाउने ? यसतर्फ कसैको चिन्तन छैन ।*

प्रादेशिक अभ्यासको दोश्रो चरणमा हामी पुगि सकेका छौ । प्रदेश सभाको दोश्रो निर्वाचनबाट प्रदेशमा नयाँ सरकार निर्माणको बाटो खुलेको छ । मधेश प्रदेशको मुख्यमंत्री बन्ने प्रतिस्पर्धामा अनेकौ नामहरू चर्चामा छ । कुनै एउटा दल विशेषले बहुमत प्राप्त नगरेको अवस्था छ। त्यसैले गठबंधनको सरकार बन्नेछ। यस अघिको कार्यकाल पनि गठबंधन कै थियो। गठबंधनको सरकार रहे, साझेदार दलहरू फेरिदै रहे तर मुख्यमंत्रीमा एउटै ब्यक्तिले निरंतरता पाए। लालबाबु राउत नेतृत्वको सरकारले पूरा कार्यकाल बिताउन पाए । लालबाबुको नेतृत्वमा प्रादेशिक सरकार कस्तो रह्यो ? त्यो सरकारले प्रादेशिक अभ्यासको क्रममा के कस्ता मानकहरू खडा गरे ? असफलता र रिक्तता के रह्यो ? त्यसको लेखाजोखा हुदैछ । लामो समयसम्म मूल्यांकन भईरहनेछ । तर तटस्थ रूपमा यति भन्न सकिन्छ पहिलो कार्यकालमा प्रतिकूलता बीच संघीयताको जगहाल्ने काम भएको छ ।

जनकपुरको भाग्यविधाता काठमांडू अहिले नेपाली कांग्रेस वा एमाले नेतृत्वको गठबंधनले सरकार बनाउने कसरत गरिरहेको छ । संघीय सरकारको पहिला निर्माण भईसकेपछि प्रदेश सरकारको रूपरेखा कोरिने संभावना छ तर पनि भावी मुख्यमंत्रीको सपना राख्नेहरू आन्तरिक दौडधूप गरिरहेका छन् । रोचक पक्ष के छ भने जनकपुरको सत्ताको भाग्य लेख्ने काम संघीय राजधानी काठमाण्डूमा हुँदैछ । यसरी हुंदै गर्नुको आफ्नै अर्थ र आयाम छ । आज पनि काठमाण्डूले जनकपुरको भाग्यफल लेख्ने हैसियत राख्छ । जनकपुर आफ्नै लागि आफै भाग्यविधाता बन्न सकेको छैन । प्रदेशलाई कमजोर बनाईएको कारणले प्रदेशलाई संघीय सत्ताको कांध चाहिएको छ। विगतमा संघीय सरकारले प्रदेशका अधिकार माथि अंकुश लगाउंदा कतिपय जरूरी कानून समेत बन्न सकेका छैन। संविधानले दिएको अधिकार अनुसार कानुन बनाउँदा पनि त्यसलाई कार्यान्वयन हुनबाट रोकियो। प्रदेशका अधिकारलाई अंकुश लगाएर सिंहदरबारमै केन्द्रित गर्दा प्रदेश सरकारहरू संघको गणेश परिक्रमा गरिरहनु प-यो । शुरू मै प्रदेश र संघको चुनाव एकै पटक गरियो। प्रदेशको कुनै संरचनाहरू निर्माण गरिएको थिएन । न त पर्याप्त जनशक्ति नै उपलब्ध थियो। कानून बनेपनि त्यसलाई अर्थ र आकार दिने काम गरिएको थिएन । दोश्रो कार्यकालका लागि चुनाव गरिदां संघ र प्रदेशको एकै पटक गरियो । यसले के भई दियो भने प्रदेशको चुनाव ओझेलमा प-यो । प्रदेश भन्दा संघीय राजधानीले प्राथमिकता पायो । प्रदेश सभामा लड्न चाहनेहरूले काठमाण्डूमा आआफ्नो दलमा टिकटका लागि दौड्नु पर्‍यो । घोषणा पत्र त्यँही निर्माण भयो । यसले प्रदेशको सामर्थ्य संभावना र समस्या बारे विवेचना हुन सकेन । भावी मुख्यमंत्री को हुने भनेर कुनै पनि दलले चुनावी क्रममा घोषणा गरेनन् । भावी मुख्यमंत्री देखाएर कुनै पनि दलले चुनावी प्रतिस्पर्धा गर्न रूचाएनन् । प्रदेश सभाको टिकटवितरणमा पार्टीहरूको प्रदेश समितिहरूको भूमिका देखिएन ।

मुख्यमन्त्री बन्न काठमाण्डूमा कोही पैसा बोकेर हिडेका छन, कोही रात्रि भोज गर्दैछन्। कोही आफ्नो जातिय समिकरणको दाबि गर्दैछन त कोही स्वतंत्र जितेकालाई फकाउँदैछन् । कोही मुख्यमन्त्रीमा दाबि गरे पनि भित्रि मनसाय मालदार मन्त्रालयमा हात पार्नु छ । जनकपुरको कुर्सीका लागि काठमाण्डूमा शतरन्ज ओछ्याईएको छ ।

### विगतको अनुभव

प्रदेशको राजनीति आयामित गर्ने तत्व त्यहाँ निर्मित राजनीतिक प्रवृतीहरू हुन्छ। त्यो प्रदेश भित्र दलिय अवस्था, संघ र प्रदेश सरकार बिचको सम्बन्ध , संघ र प्रदेशमा एउटै दल वा गठबन्धनको सरकार छ कि भिन्न छ, प्रधानमन्त्री र मुख्यमन्त्रीको व्यक्तित्व सम्मिलित हुन्छ । पछिल्ला समयमा केन्द्र र केही प्रदेशमा एउटै दल विशेषको सरकार रह्यो , संघ र प्रदेशमा फरक फरक दलको सरकार पनि रह्यो, कुनै प्रदेशहरूका मंत्रिमण्डलमा हेरफेर भैराखेपनि मुख्यमन्त्रीले निरन्तरता पाए ।

एक समय त संघ र प्रदेशमा करिब एकल दल( मधेश प्रदेश छाडेर) प्रभुत्वको अवस्था झै थियो ।खड्ग प्रसाद शर्मा ओली प्रधानमन्त्री हुँदा प्रदेश सभाहरूमा भाषण गर्दै हिडे तर अन्तर प्रदेश परिषदको बैठकलाई त्यति सहज रूपमा लिएनन् । शेर बहादुर देउबा त प्रदेश सभाहरूमा भाषण गर्न पनि रूचाएनन् । प्रधानमन्त्री र मुख्यमन्त्रीको बीच संवैधानिक अभ्यासलाई परिपक्व, विश्वासिलो र सहज बनाउन पत्रको आदान प्रदान भएको सुनिएन ।

मधेश आंदोलनसँग जोडिएका दलहरू जो चरित्रले क्षेत्रीय दल हुन तिनको संख्या, भूमिका एवं प्रभावले पनि संघ र प्रदेश सम्बन्धले परिभाषा निर्माण गर्न खोज्यो ।

> मुख्यमन्त्रीका अभ्यार्थीहरू काठमाण्डू धाएर गणेश परिक्रमा गर्नमा आफुलाई धन्य मान्दैछन । काठमाण्डूको अनुकम्पामा मुख्यमंत्री बन्न चाहन्छन् ।

दलहरूमा जति विविधता हुन्छ त्यहीं अनुपातमा प्रादेशिक राजनीति प्रभावित हुन्छ । संघ र प्रदेशमा विपरीत दलको उपस्थितले समेत सम्बन्ध निर्धारण हुदो रहेछ ।

संघीय संसदमा कुनै एक दलको बहुमत नभएर गठबंधनको सरकार रहेको अवस्थामा संघीय सरकारलाई प्रादेशिक राजनीतिमा प्रभावित गर्ने सीमित सन्दर्भ रहन्छ ।

### प्रादेशिक समितिको भूमिका

आज प्रदेशहरू प्राथमिकतामा नहुनुको सोझो सन्देश हो आज पनि आलंकारिक प्रादेशिक अभ्यासमा हामी रमाउँदै छौ । प्रदेशहरूको भूमिका खोजीको फराकिलो तात्पर्य दलहरूको प्रादेशिक समितिहरूको निर्णायकत्व स्थापित गर्नु हो । विगतका प्रदेश सरकारहरूको कामको मूल्याङ्कन, संघ - प्रदेश सम्बन्धका अवरोधकहरूको पहिचान प्रभावकारी प्रादेशिक राजनीतिका लागि स्थानियताको मुखरता जस्ता पक्ष हुन ।यतिखेर कुनै अमूक दल व पात्रलाई संघीयता कार्यान्वयनमा अवरोधकका रूपमा मतदाताको अदालतमा उभ्याइएको छैन । उसो त संविधानको रक्षा जस्ता अमूर्त कुरा सुनिएको छ तर ब्यवहारमा प्रादेशिक राजनीतिलाई कुपोषित गर्ने खेल जारी छ ।

जो छ त्यसलाई जिवन्त कसरी बनाउने ? यसतर्फ कसैको चिन्तन छैन। मधेश प्रदेशको मुख्यमन्त्री को बन्ने? दल विशेषले कसलाई अघि सार्ने ? यसको छिनोफानो प्रदेश समितिहरूले गर्नु पर्ने हो। दल विशेषको संसदीय दलको चुनावमा केवल काठमाण्डूको निर्देशन अनुमोदन गर्ने नाटक हुने होईन। तर मधेश प्रदेश सभाका लागि चुनिएर आएका नयाँ पुराना दलहरूमा उही दलको टुप्पोमा बसेकाले नै अन्तिम फैसला गर्ने स्थिति छ। प्रादेशिक समितिहरू निष्प्रभावी देखिएका छन्। प्रादेशिक स्तरमा दलहरूको भूमिका प्रभावकारी न हुन्जेल सोचे जस्तो प्रभावकारी प्रादेशिक अभ्यास सम्भव छैन । त्यसैले मुख्यमन्त्रीका अभ्यार्थीहरू काठमाण्डू धाएर गणेश परिक्रमा गर्नमा आफुलाई धन्य मान्दैछन। काठमाण्डूको अनुकम्पामा मुख्यमंत्री बन्न चाहन्छन् ।

काठमाण्डूको कृपादृष्टि चाहन्छ मधेश । काठमाण्डूमा केवल सिहदरवार भित्र मात्र छैन, दलहरूको केन्द्रिय समिति भित्र पनि छ ।

### कस्ता मुख्यमंत्री

मधेश प्रदेशको मुख्यमन्त्री बन्ने चाहना राख्ने प्रदेश सभाका सदस्यको पूर्व शर्त प्रादेशिक अभ्यास प्रति अटूट प्रतिबद्धता हुनु पर्दछ । ऊ आफुलाई संघीयताको निशर्त पक्षपातीका रूपमा देखिनु पर्छ । जो मुख्यमन्त्री बन्छ उसको पहिलो संघर्ष संघीय सत्ता संग गर्नु पर्ने हुन्छ । संघमा जो प्रधानमंत्री बने पनि ऊ प्रदेश संचालन प्रति त्यति उदार हुंदैनन्, रहदैनन्।

संविधानमा जे लेखिए पनि अहिलेको राजनीतिक मनोविज्ञानले कठपुतली प्रादेशिक अभ्यास मन पराउँछ। सात वटै प्रदेशमा मुख्यमंत्री रहिसकेकाहरूको अनुभवमा तिनका दलपति नै प्रभुत्व शाली प्रादेशिक अभ्यास नचाहेको उजागर गरि सकेका छन्। त्यसैले यो लडाई लामो छ ।

प्रादेशिक अभ्यास मधेश प्रदेशका बासिन्दाको राजनीतिक चेतनाको अभिन्न अङ्ग बनेको छ । यसलाई थप फराकिलो र लोकप्रिय बनाउँदै यस प्रदेशका जनताको जीवन पद्धतिसँग एकाकार गराउनु यतिखेरको कार्यभार हो। सामाजिक आर्थिक रूपांतरणमा ध्यान पुर्‍याउनु अपरिहार्य छ ।

नव जागृत चेतना र अधिकारको खोजीसँगै जाति, भाषा, धर्म, संस्कृति, क्षेत्रका प्राथमिकताहरू आपसमा बाझिन थालेका छन् । परिणाम स्वरूप यसले समाज र राजनीतिमा द्वन्द्वका नयाँ आयामहरू देखिन थालेका छन । मधेश प्रदेशको मुख्यमन्त्री बन्नेले यी सवाल र सरोकार बुझेको हुनुपर्छ । ऊसँग प्रदेशको भावी मार्गचित्र बारे रणनीति हुनुपर्दछ । मुख्यमन्त्रीका महत्वाकाक्षीहरूसँग मिडिया एवं नागरिक समाजले यीनै विषयमा जिज्ञासाहरू उनीहरुका सामुन्ने राख्नु पर्छ । तपाई मुख्यमंत्री किन बन्ने ? प्रश्न राखौं ।

# किन कार्यान्वयन भएन स्थानीय पाठ्यक्रम ?



- उदय कुमार यादव
जनकपुरधाम

### पाठ्यक्रमका विभिन्न आयाम मध्ये विकेन्द्रीकृत पाठ्यक्रम

विकास गर्नु पनि एक प्रमुख आयाम हो । स्थानीय स्वामित्व सहित यसलाई सान्दर्भिक बनाउने सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारुपले पनि सघाउ पुर्‍याउने तथ्यलाई आत्मसात गरी स्थानीय पाठयक्रम प्रारुप २०७१ तयार गरिएको थियो । जसमा स्थानीय पाठयक्रमको सन्दर्भ, सैद्धान्तिक अवधारणा, महत्व, मुद्दा, औचित्य विद्यमान प्रावधान, अन्य पाठ्यक्रमसँगको अर्न्तसम्बन्ध ढाँचा, स्वरुप, सम्भावित विषय क्षेत्र, कार्यान्वयन प्रकिया स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन सम्बन्धी संपूर्ण नीतिगत व्यवस्था र विभिन्न निकायको भूमिका बारेमा प्रष्ट धारणा समावेश गरिएको थियो । स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई अर्न्तराष्ट्रिय बजारमा जोड्ने तथा बृद्धि र विकासको सिप हाँसिल गरी आत्मनिर्भर उत्पादनमूखि जिवन उपयोगी र व्यावहारिक बन्दै अर्न्तराष्ट्रिय बजारमा खरो उत्रन सक्ने जनशक्ति उत्पादन गर्नको लागि स्थानीय पाठयक्रमको अवधारणालाई विकसित गरिएको देखिन्छ ।

### राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा स्थानीय पाठयक्रम सम्बन्धी भएको व्यवस्था

मुलुकको संघीय संरचना अनुकूल शासकीय स्वरुप र विविधतालाई सम्बोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिनु पर्छ । विद्यालय पाठ्यक्रममा मातृभाषा स्थानीय ज्ञान, सिप, प्राकृतिक स्रोत साधन तथा ऐतिहासिक र सांस्कृतिक पक्षलाई समायोजन (अनुकूलन) गर्दा स्थानीय आवश्यकतामा आधारित अध्ययनलाई पठन-पाठनको महत्वपूर्ण क्षेत्रमा रुपमा विकास गरिनेछ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गर्ने सिद्धान्तका आधारमा पाठ्यक्रम विकास गर्दा निम्नानुसार सम्बोधन गरिनेछ :-

स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय तहमा पनि पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ । राष्ट्रिय पाठ्यक्रमकै ढाँचाको आधारमा यसको स्थानीय तहमा अनुकूलन गरी यसको विकास गरिनेछ । जसमा आवश्यकतानुसार विषयवस्तुहरु परिमार्जन तथा सिकाई आवश्यकतामा आधारित पाठयक्रम निर्माण कार्यान्वयन गर्दा, बाल केन्द्रीत, स्थानीय आवश्यकतामुखि हुने गरी लचकता प्रदान गरिनेछ । राष्ट्रिय पाठयक्रम संरचना भित्र रही यसको निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रुपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइनेछ । स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालय स्वयं नै जिम्मेवार हुनेछ । जसको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रम सम्बद्ध संरचनाबाट हुनेछ ।

### स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समितिको व्यवस्था

प्रत्येक स्थानीय तहले विद्यालय तहको स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जन, ऐच्छिक विषय छनौट, पाठ्यक्रमको कार्यान्वयन तथा सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नु पर्नेछ । यसका लागि स्थानीय तहले नै स्थानीय पाठ्यक्रम, पाठयपुस्तक समन्वय समिति गठन गरी सो समितिलाई निम्न लिखित कार्यका लागि जिम्मेवार बनाउनसक्ने व्यवस्था राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले गरेको छ :-

- विद्यालय स्तरीय स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन
- राष्ट्रिय पाठ्यक्रम प्रारुप परिधिभित्र रही यसको सामग्रीको विकास स्वीकृति परिर्माजन र कार्यान्वयन
- पाठ्यक्रम सम्बन्धी सुपरिवेक्षण, अनुगमन, अनुसन्धान तथा पृष्ठपोषण
- प्रतिवेदन लेखन र प्रस्तुतीकरण
- संस्थागत गर्न नियमनको निरन्तरता
- उचित नियमित पृष्ठपोषण तथा आवश्यक सुदृढिकरण

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा समेत) २०७६ मा भएको स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन सम्बन्धी प्रमुखव्यवस्था :-

- स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा सम्बन्धित स्थानीय तह नै जिम्मेवार निकायका रुपमा रहने छ । स्थानीय तहकै शिक्षा हेर्ने शाखाले स्थानीय तह भित्रका विद्यालयका लागि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्ने सम्बन्धमा समन्वय तथा संयोजक गरी प्राविधिक सहयोग पनि उपलब्ध गराउनेछ । मातृभाषा विषय वा माध्यम दुबै हुन सक्नेछ । स्थानीय सरोकारवालाको सल्लाह सुझाव तथा निर्देशनानुसार मातृ भाषा पनि विषयको रुपमा पाठन गरिनेछ ।
- स्थानीय तहले स्थानीय विज्ञ वा शिक्षा शाखा प्रमुखको संयोजकत्वमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन लागि समिति पनि गठन गर्न सकिनेछ । यसमा राष्ट्रिय पाठ्यक्रम प्रारुप को भावना प्रतिकूल नहुने र धार्मिक संस्कृतिक, सामाजिक सदभावमा नरकात्मक प्रभाव नपर्ने, राजनीतिक पूर्वाग्रह नहुने तथा राष्ट्रिय अखण्डता, सामरिक सुरक्षा, कुटनीतिक सम्बन्ध अर्थतन्त्र लगायतका राष्ट्रियतामा आँच आउने विषय वस्तु समावेश नहुनु पर्ने ।
- स्थानीय तहले राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार कार्यान्वयन प्रकृया निर्धारण (आधारभूत कक्षा ६-८) पाठ्यक्रम २०७७ मा साधारण तथा धार्मिक दुईटै धारमा वार्षिक १२८ घण्टाको मातृभाषा शिक्षणमा सप्ताहिक ४ घण्टा पाठभार रहनेछ ।
- स्थानीय पाठ्यक्रम अन्तर्गतका पाठ्यपुस्तक अध्यापन गराउन स्थानीय तहकै सरकारी पहलबाट, एक भन्दा बढी स्थानीय तहले एक आपसमा मिलेर यसको कार्यान्वयन गर्न सक्नेछ ।
- पाठ्यक्रमले तोके अनुसार सबै विद्यालय (सामुदायिक र संस्थागत) ले स्थानीय विषय अनिवार्य रुपमा लागु गर्नु पर्ने छ । सोको अनुगमन सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट नै गर्नु पर्नेछ ।

### स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका जिम्मेवार पक्षहरु :-

सर्वप्रथम विद्यालय तह अन्तर्गत, विद्यार्थी शिक्षक तथा प्रधानाध्यापक लगायत समबिन्धत व्यवस्थापन समितिले पनि आ-आफ्नो स्तरबाट उचित कदम चालेर, कर्तव्य तथा अधिकार दुबैको बोध हुने गरी यसको कार्यान्वयन सम्बन्धी सम्पूर्ण जिम्मेवारी बहन गर्नुपर्दछ ।

यसका साथै स्थानीय तहको शिक्षा हेर्ने निकाय तथा शाखा, महाशाखा र विभागले स्थानीय पाठयक्रम सम्बन्धि सम्पूर्ण योजना तर्जुमा गरी बजेट व्यवस्थापन गरेर यसको कार्यान्वयन गर्नुको साथ साथै यसको संघन अनुगमन पनि गरेर आफ्नो जिम्मेवारी तथा अमूल्य भूमिका निर्वाह गर्न सक्दछ ।

- बाँकी पृष्ठ ६ मा



पछिल्लो समय गाउँ-गाउँमा सडक पुगेपछि रूख कटान गरी गोलियाको रुपमा बिक्री गर्ने क्रम बढ्दै गएको छ । तस्बिर : सन्तोष पुर्कुटी/रासस

# तोरीसहितको अन्नबाली बढाउँदै सर्लाहीका किसान

सर्लाही, २४ मङ्सिर

सर्लाहीका किसान केही वर्षदेखि आफूले लगाइरहेको उखु मासेर तोरी खेतीतर्फ आकर्षित भएका छन् । तीन/चार वर्षयता जिल्लाको लालबन्दी, हरिवन, बागमती, ईश्वरपुरलगायतका ठाउँका उखु उत्पादक किसानले आफ्नो खेतबारीमा उखु मासेर तोरीसहितको अन्नबाली बढाउँदै लगेका छन् । उखु खेतीमा लगानी गरेर लगानीसमेत नउठेपछि तोरी खेतीतर्फ लागेको हरिवन नगरपालिका-८ का किसान हरि निरौलाले बताए । उखुमा लगानीअनुसारको मूल्य छैन, यताका सबैजसो उखु उत्पादक किसानले अहिले उखु मासेर तोरी, परबल, बोडी, मास, धान, मकै र कोदोजस्ता परम्परागत अन्नबाली लगाउन थालेका छन, निरौलाले बताए । दुई दशकअघिसम्म तोरी खेतीमा अब्बल मानिने जिल्लामा केही वर्षदेखि उखु खेतीप्रतिको आकर्षण बढेको थियो । तर वर्षभरि लगानी गरेर उत्पादन भएको उखु बिक्री गरेको रकम उद्योगले भुक्तानी नगर्दा दिक्दार भएका जिल्लाका उखु उत्पादक किसान अन्य खेतीतर्फ मोडिएका हुन् । सरकार, उद्योगी र किसान प्रतिनिधिबीच भएको सहमतिअनुसार उद्योगीले प्रतिक्विन्टल रु पाँच सय २० र नेपाल सरकारले रु ७० अनुदान रकम दिने सहमति गरिएपनि उद्योगले सहमतिअनुसारको रकम भुक्तानी नगरेकाले आफूहरु उखु छोडेर तोरी, परबल, बोडी, मास, धान, मकै र कोदोजस्ता परम्परागत अन्नबाली लगाउन थालेको हरिवन नगरपालिका-२ का किसान रामपुकार महतोले बताए । उनका अनुसार जिल्लामा रहेका तीनवटा चिनी मिल मध्ये इन्द शङ्कर चिनी उद्योगबाहेक अरु उद्योगले किसानको रकम भुक्तानी गरेका छैनन् । महालक्ष्मी र अन्नपूर्ण चिनी उद्योग उखु अभावले गर्दा बन्दजस्तै अवस्थामा छन् । जिल्लामा देशकै धेरै चिनी मिल भए पनि उखु २५ हजार हेक्टर क्षेत्रमा र धान ४६ हजार पाँच सय हेक्टर क्षेत्रमा खेती हुँदै आइरहेको कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहले बताए । हरिवनमा चिनी उद्योग स्थापना भएपछि किसानले सबैखाले अन्न बाली मासेर आफ्ना खेतबारीमा उखु लगाउन सुरु गरेका थिए । करिब २० वर्षपछि यहाँका किसान पुनः उखु खेती मासेर पुरानै खेतीमा फर्किएका स्थानीय जानकार राजकुमार उप्रेतीले बताए । किसानले तोरी खेती मासेपछि खाने तेलको मूल्य आकासियो, अहिले तोरी झार्ने बित्तिकै क्विन्टलको करिब रु १५ हजारका दरले बिक्री हुन्छ । जग्गा जमिन धेरै हुनेले व्यावसायिक उद्देश्यले तोरी खेती गरेका छन् । थोरै जमिन हुनेले आफ्ना लागि मात्रै भए पनि तोरी लगाउन थालेका छन् । उखु लगाउँदा वर्षमा एक पटक उत्पादन निस्कने भए पनि तोरी खेतीमा वर्षमा तीन/चार बाली लगाउन पाइने र लगानी धेरै नलाग्ने हुँदा उखुको विकल्पमा लागेका छन , उप्रेतीले बताए । थोरै लगानी गर्दा मनग्ये आम्दानी हुने भएपछि जिल्लाका उखु उत्पादक किसानले तोरी खेती बढाउन थालेका छन् । सिँचाइ सुविधा नभएको जमिनमा पनि धेरथोर तोरी उत्पादन हुन्छ । जसका कारण पनि किसानको मनफेरि पुरानै खेतीतर्फ मोडिएको हो, गोडैता नगरपालिका-४ का कपिल महतो भन्छन । जिल्लाका किसानले धान, हिउँदे मकैजस्ता बाली उठाएपछि तोरी खेती गर्छन् । तोरीभित्र चना, मुसुरोजस्ता दलहन बाली पनि उत्पादन हुन्छ । तोरी र चना भित्र्याएपछि खेत बर्खे मकै खेतीका लागि तयार हुन्छ । तीन बाली लगाउँदा किसानले उखु खेतीबाट भन्दा पनि धेरै आम्दानी गर्छन, स्थानीय छोटेलाल साहले बताए । यता, जिल्लाका उखु उत्पादक किसानलाई आफूहरुले नयाँ प्रजातिको उखुखेती गर्न बीउ वितरण गरेकाले जिल्लामा उखु उत्पादन बढ्ने इन्दु शङ्कर चिनी उद्योगका उखु प्रबन्धक योग नारायण रजकले बताए । उखु खेतीका लागि देशमै अब्बल मानिएको नयाँ प्रजातिको उखु जिल्लाका उखु उत्पादक किसानलाई वितरण गरिएका कारण उखु उत्पादनमा क्षेत्रफल घटे पनि उत्पादनमा कमी नआउने उद्योगको दाबी छ ।

रासस

# राजमार्ग विस्तारले पुरानो व्यापारिक केन्द्र डुम्रे बजार मासिने चिन्ता

डुम्रे, २४ मङ्सिर

पृथ्वी राजमार्गअन्तर्गत तनहुँ खण्डमा सडक विस्तारका कारण यस क्षेत्रकै पुरानो व्यापारिक केन्द्र डुम्रे बजार मासिने अवस्थामा पुगेको छ । सडक विस्तारका कारण डुम्रे बजारका पुराना बासिन्दा विस्थापित हुने र पुरानो बजार मासिने अवस्था रहेको छ । राजमार्ग विस्तारका लागि मुग्लिन-पोखरा सडक विस्तार योजनाले राजमार्ग छेउका घरटहरा हटाउन सम्बन्धित व्यक्तिलाई आग्रह गरेको छ । योजनामा सम्झौता भएअनुरुप पश्चिम खण्डभन्दा बढी घरटहरा पूर्वी खण्डमा हटाउनुपर्ने रहेको छ ।



पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक विस्तार योजनाले राजमार्गको छेउमा रहेका घरटहरा हटाउन सुचना जारी गरेपछि बन्दीपुर गाउँपालिका-१ डुम्रे बजारकी ७५ वर्षीया एकल महिला सरस्वती श्रेष्ठ विस्थापित हुनुपर्ने अवस्थामा पुगेका छन । आफ्नो घरमूलीले बनाएको घर छोडेर जान मन छैन । परान यहीँ जाओस् भन्ने थियो । सर्नुपर्ने भएको छ तर, जाने ठाउँ छैन । रोगी छु कसरी घर बनाउने ? गाँसबास उठीबास भएको छ, उनले भने , हामीजस्ता घर बनाउन नसक्ने लाई सरकारले नै व्यवस्था गरे हुने हो । त्यस्तो गर्दैन । आयोजनाले राजमार्ग विस्तारका क्रममा हटाउनुपर्ने भए पनि उहाँको अन्यत्र घर निर्माण गर्नसक्ने अवस्था छैन ।

बाटो बढाउने भनेर हामीजस्ता काम गर्न नसक्ने लाई त उठीबास लगायो । पैसा दिएर मात्र के गर्नु आफूले घर बनाउन सक्दिन । खै अर्को ठाउँमा घर बनाउन जन पनि छैन धन पनि छैन । हामी जस्ताको घर कसले बनाइ दिने हो, सरस्वती भने । सडक विस्तारका क्रममा डुम्रे बजारको अस्तित्व मेटिने सोही स्थानका ६३ वर्षीय जीवनकुमार श्रेष्ठ बताउछन । राजमार्ग विस्तारले घरबारविहीन बनाएको उनले दुखेसो व्यक्त गरे । योजनाले दिएको रकमले घर बनाउन पनि र जग्गा पनि नभएका व्यक्तिलाई राज्यले नै व्यवस्थापन गर्नसके सहज हुने उनको भनाइ छ । एकल ज्येष्ठ नागरिकका समस्या समाधान गर्न सरकारले घर भत्काएपछि घर नै उपलब्ध गराउनुपर्ने ४८ वर्षीया एकल महिला बट्टै श्रेष्ठले बताए । घर भत्काएर हामी कहाँ जाने ? घर बनाउन पुग्ने रकम आउँदैन । हामीजस्ता विपन्न र एकललाई समस्या निम्त्याएको छ, उनी भने । तनहुँ उद्योग वाणिज्य सङ्घ महिला उद्यमी व्यवसायी समिति पूर्वसभापति सरिता श्रेष्ठ पियाले तनहुँ, लमजुङ, मनाङ र गोर्खाको ऐतिहासिक व्यापारिक केन्द्रको संरक्षण राज्यले गर्नुपर्ने बताए । पहाडकी रानी बन्दीपुरको ऐतिहासिक व्यापारिक महत्वपूर्ण क्षेत्रको संरक्षणमा सरकारको दायित्व भएको उनले बताए । साँगुरिएको क्षेत्रमा बसेको बजारलाई मासिने गरी राजमार्ग विस्तार गर्नुहुँदैन ।

ऐतिहासिक बजारको संरक्षणका लागि राजमार्ग विस्तारका क्रममा बजार क्षेत्रमा केही कम दूरी बनाएर संरक्षण गर्नुपर्छ, उनले भने , कुनामा पहाड र छेउमा खोला रहेकाले डुम्रेको बस्ती हटेपछि सडकको महत्व रहदैन । बजारको संरक्षण गरेरै राजमार्ग निर्माण गर्नुपर्छ ।

यहाँको बजार विस्थापनले व्यापारिक क्षेत्रको औचित्यको अन्त्य गर्ने उनको भनाइ छ । प्रधानमन्त्रीले डुम्रे बजारको संरक्षण गर्ने आश्वासन दिएका छन । हामी विश्वस्त छौँ । सरकारमार्फत नै संरक्षण हुन्छ भन्ने आशावादी छौँ, पियाले भने । डुम्रे क्षेत्रको साँगुरिएको ठाउँमा एकल परिवारका घर बढी रहेको र सडक विस्तारको क्रममा घर भत्काएपछि राज्यले बासको व्यवस्थापन गर्नुपर्ने पिया बताउछन । एकल परिवारका लागि जग्गा नै बाँकी रहँदैन । उनीहरुको सन्तान नभएका परिवारलाई सरकारले नै बासको व्यवस्थापन गर्नुपर्छ, उनले भने । उद्योग वाणिज्य सङ्घ डुम्रे बजार एकाइका सभापति हेमलाल विकले राजमार्ग विस्तारले डुम्रे बजारको ऐतिहासिक व्यावसायिक क्षेत्रको अस्तित्व हराउने बताए ।

राजमार्गले डुम्रे बजारमा २५ मिटर विस्तार गर्दा २० देखि २५ घर मात्रै बाँकी रहने उनी बताउछन । हामी विकास विरोधी होइनौँ । ऐतिहासिक क्षेत्रको संरक्षण हुनुपर्छ । घरबारविहीन हुने अवस्थामा पुगेका व्यक्तिको संरक्षणको सरकारले जिम्मा लिनुपछ, विकले भने । पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक विस्तार योजना पूर्वी खण्डका सामाजिक विज्ञ चिन्तामणि शर्माले योजनाले जमिनरहित व्यवस्थापन गर्न लागेको बताए ।

एकल तथा ज्येष्ठ नागरिकलाई एकदेखि तीन महिनासम्मको घरभाडा व्यवस्थापन गरिएको उनले जानकारी दिए । राजमार्ग विस्तारका क्रममा वडा तथा स्थानीय तहसँगको सहकार्य एवं समन्वयमा ज्येष्ठ नागरिक तथा एकल व्यक्तिको व्यवस्थापन गर्ने योजना बनाएका छौँ, शर्माले भने , त्यस्ता व्यक्तिको हकमा स्थानीय तहसँग समन्वय गरेर व्यवस्थापन र विकास निर्माणका कार्य अगाडि बढाउनेछौँ । तनहुँका निमित्त प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले घर भत्काउँदा लाग्ने खर्च व्यक्तिले नै व्यवस्थापन गर्नुपर्ने बताए । राजमार्ग घरटहरा भत्काउँदा लाग्ने खर्चबाहेक स्थानान्तरणका लागि सोही व्यक्तिले नै गर्नुपर्ने प्रावधान रहेको उनले बताए । ज्येष्ठ नागरिक तथा एकल भएको खण्डमा उहाँहरुलाई थप रु २१ हजार व्यवस्था गरिएको छ । प्रशासन तथा सरकारले बनाइदिने अहिलेसम्म प्रावधान छैन । मुग्लिन-पोखरा सडक विस्तारअन्तर्गत तनहुँ खण्डलाई दुई भागमा विभाजन गरी निर्माण कार्य भइरहेको छ । पूर्वी खण्डअन्तर्गत मुग्लिनबाट जामुनेसम्मको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । ४१ दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चिनियाँ कम्पनी चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । पश्चिम खण्डअन्तर्गत जामुनेबाट पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहइ काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । यस राजमार्गको साइडमा ग्याबिन जाली लगाउने तथा पर्खाल लगाउने कार्य भइरहेको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा राजमागृ विस्तार गरेर चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको रु सात अर्ब ४० करोड ४६ लाखमा ठेक्का लागेको छ । चार लेनको राजमार्ग बनाउँदा सडक सीमा दुईतर्फी २५-२५ मिटर र बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ ।

सडकको डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटर र दुलेगौडाबाट खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडाबाट पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ ।

रासस

## किसान संग मल विउमा ..........

दिने गरेको जनाए ।

समयमा गहुँको वीउ र डिएपी मल उपलब्ध गराउन नसक्ने भएपनि वर्षेनी उनले सिरहा नगरपालिकाबाट करौडौं रुपैयाँको टेण्डर पार्ने गरेको छ ।

राम भजन यादब भन्छन, ' यी ठेकेदार र सिरहा नगरपालिकाको कृषि शाखा र सम्बन्धित वडाका जनप्रतिनिधि देखि कर्मचार 'हिरुको मिलोमतोमा किसानलाई चर्को मुल्यमा बिउ, मलखाद्यहरु खरिद गर्न बाध्य बनाएको छ ।

सिराहा नगरपालिकाको वडा न.१ देखि २२ वटै वडासम्मको गहुं वीउ पुर्याउने टेण्डर पाएका यादव वीज भण्डारको अतिरि क्त रकम असुलीप्रति सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादव र सुशासन शाखा समेत मौन रहेकाले मिलोमतोको रहेको पुष्टि हुन्छ ।

आफ्नो पालिकाको किसान दिनदहाडै ठगिनु पर्ने बाध्यता हटाउन सिरहा नगरपालिकाको अभिभावकीय भूमिकाको आवश्यकता भएको स्थानीय युवा दिपेन्द्र यादवले बताए । 'किसानसँग भईरहे को ठगि धन्दा रोकिनुपर्छ,' उनले भने, 'यसमा सिरहा नगर पालिकाले सक्रियता बढाउनै पर्छ ।'

यता, सिराहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादबले आफु कहाँ मलखाद्यमा बढी रकम लिएको गुनासो छैन, यदि त्यस्तो गुनासो आए भने बढी रकम लिएको पाइएमा कानून बमोजिम कारवाही गरिनेछ ।


रसायनीक मलखाद्यको व्यापक कालोवजारी हुने गरेको र नियामक निकायको फितलो अनुगमनका कारण अहिले पनि किसानहरुले चर्को मुल्यमा मलखाद्य खरिद गर्न बाध्य छन ।

# अमलेखगञ्जमा पेट्रोल ट्याङ्की निर्माण हुने

बारा, २४ मङ्सिर

नेपाल आयल निगमले बाराको अमलेखगञ्जमा पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह (ट्याङ्की) निर्माण गर्ने तयारी थालेको छ । विसं २०७६ भदौ २४ गते भारतको मोतिहारीदेखि नेपालको बाराको अमलेखगञ्जसम्म ६९ किलोमिटर 'मल्टी पाइप लाइन' विस्तार गरेर डिजेल ल्याउन सुरु गरेको निगमले पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह निर्माण गर्ने तयारी थालेको हो । पाइपलाइन विस्तार भएको ६९ किलोमिटर क्षेत्रमध्ये भारतमा ३३ र नेपालमा ३६ किलोमिटर भूभाग पर्दछ । उक्त पाइपलाइन विस्तारका लागि भारतीय आयल निगमले रु दुई अर्ब भारतीय रुपैँया खर्च गरेको थियो । एउटै पाइपलाइनबाट पेट्रोल, डिजेल र मट्टितेल ल्याउन मिल्ने भए पनि भण्डारणका लागि छुट्टै भण्डारण गृह नहुँदा पेट्रोल र मट्टितेल पाइपलाइनबाट ल्याउन समस्या भएको थियो । अमलेखगञ्जमा पेट्रोल र मट्टितेलको लागि भण्डारण गृह नहुँदा पाइपलाइनको उपयोग ५० प्रतिशतभन्दा कम भएको छ । अमलेखगञ्जमा हाल डिजेल भण्डारणका लागि दुई ४५ लाख लिटरका ट्याङ्की, एक ४१ लाख तथा अर्को ३९ लाख लिटरको ट्याङ्की रहेको छ । उक्त क्षेत्रबाट हाल एकैपटक २१ गाडीले डिजेल भर्न पाउँछन् । पाइपलाइनमार्फत भारतको मोतिहारीदेखि अमलेखगञ्जसम्म डिजेल ल्याउँदा निगमको वार्षिक रु दुई अर्ब रकम बचत हुँदै आएको छ । नेपाल आयल निगम अमलेखगञ्जका प्रमुख इन्जिनियर प्रदीपकुमार यादव पेट्रोल र मट्टितेल ल्याउनका लागि आयल निगमले छुट्टै भण्डारण गृह बनाउन सुरु गर्न लागेको बताउछन । पेट्रोल भण्डारण गृह निर्माण गर्नका लागि हामीले भारतीय निर्माण व्यवसायी कम्पनी र भारतीय आयल निगमका प्रतिनिधिसँग निरन्तर छलफल गरिरहेका छौँ, उनी भन्छन ।

निगमले पेट्रोलको भण्डारण गृह निर्माणका लागि मङ्सिर २३ (हिजो) मात्र भारतीय निर्माण कम्पनी र भारतीय आयल निगम पटनाका प्रमुखसँग भेटेर छलफल गरेको छ । पाइपलाइन बनाएर पूर्णरुपमा प्रयोग गर्नका लागि पेट्रोल भण्डारण गृह बनाउन लागिएको इन्जिनियर यादवको भनाइ छ । उनले सन् २०२४ को जनवरीसम्म पेट्रोल भण्डारण गृह सम्पन्न गर्ने गरी काम अगाडि बढाउन लागिएको बताए । डिजेलका लागि भारत सरकारको अनुदानमा भण्डारण गृह निर्माण गरिदिए पनि पेट्रोल भण्डारणका लागि भने नेपाल आफैँले भण्डारण गृह बनाउन लागेको हो । त्यसका लागि एक अर्ब ५४ करोड भारतीय रुपैयाँ लाग्ने निगमले जनाएको छ । यस्तै, भारतले पनि अनुदानस्वरुप ८० करोड भारतीय रुपैयाँमा छुट्टै पेट्रोल ट्याङ्की निर्माण गरिदिने भएको छ ।अमलेखगञ्जमा पेट्रोल भण्डारण गृह निर्माण भएसँगै नेपाल आयल निगमको मासिक १२ देखि १५ करोड तथा वार्षिक रु एक अर्ब ५० करोड रकम बचत हुनेछ । हाल अमलेखगञ्ज डिपोबाट डिजेल तथा पेट्रोल सङ्घीय राजधानी काठमाडौँसहित पोखरा, भैरहवा, चितवन, विराटनगरलगायतका क्षेत्रमा जाने गरेको छ । निगमका अमलेखगञ्ज प्रमुख यादव भारतको मोतीहारीदेखि नेपालको सर्लाहीसम्म ग्यास पाइपसमेत विस्तार गर्नेबारे परामर्श भइरहेको बताउछन । रु १२ अर्ब लागतमा ग्यास पाइप तथा स्टोरेजको काम हुने उनको भनाइ छ । नेपालबाट हाल ग्यास ढुवानी गर्दा वार्षिक रु छ अर्ब खर्च हुँदै आएको छ । निगम अमलेखगञ्जका मेकानिकल इन्जिनियर प्रशान्त भट्टराई निगमको अमलेखगञ्ज डिपोबाट देशको ७० प्रतिशत भूभागमा पेट्रोल, डिजेल तथा मट्टितेल जाने गरेको बताउछन । अमलेखगञ्ज डिपोबाट दैनिक ६० लाख लीटर डिजेल तथा २० लाख लिटर पेट्रोल वितरण हुँदै आएको छ, उनी भन्छन । यो परियोजना सञ्चालनमा आएपछि नेपाल-भारतको रक्सौल नाकामा देखिने जामको समस्या हट्नुका साथै पेट्रोलियम पदार्थमा हुने चोरी तथा अनियमितता हटेर जाने विश्वास निगमले लिएको छ । रासस



तनहुँको व्यास नगरपालिका-१० दुम्सीचौरबाट देखिएको हिम शृङ्खलाको दृश्य । *तस्बिर : कृष्ण न्यौपाने/ रासस*

# वर्गीकरणको काम नसक्दा कित्ताकाटमा समस्या

वीरगञ्ज, २४ मङ्सिर

चौध स्थानीय तह रहेको पर्सामा अधिकांश स्थानीय तहले हालसम्म भूउपयोग क्षेत्र वर्गीकरणको काम नसकिँदा कित्ताकाटको समस्या समाधान हुन सकेको छैन । नेपाल सरकारले भूउपयोग क्षेत्र वर्गीकरणअन्तर्गत यही मङ्सिर २३ गतेसम्म प्रत्येक पालिकाले आफ्नो क्षेत्रभित्र पर्ने सम्पूर्ण जग्गालाई गैर कृषि क्षेत्र र कृषि क्षेत्रमा वर्गीकरण गर्नुपर्ने निर्देशन दिएको थियो । पर्साका अधिकांश पालिकाले यस्तो संवेदनशील कार्यसम्पन्न गर्न सकेका छैनन् ।जिल्लाको सखुवा प्रसौनी गाउँपालिका र पकहा मैनपुर गाउँपालिकाले भूउपयोग क्षेत्र वर्गीकरणको निर्णय गरेको छ । भूउपयोग क्षेत्र निर्धारण सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गत साउन ३१ गते नै विज्ञप्ति जारी गर्दै प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रको जग्गालाई २०७९/८/२३ गतेभित्र कम्तीमा कृषि क्षेत्र र गैरकृषि क्षेत्र छुट्याउनुपर्ने व्यवस्था गर्न भनेको थियो । त्यो निर्देशनअनुसार पर्साका अधिकांश स्थानीय तहले भूउपयोग क्षेत्र वर्गीकरण नगर्दा कित्ताकाटको समस्या समाधान नहुने भएको छ । नापी विभागले यस कार्यका लागि आवश्यक दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गरिसकेको भन्दै विभागसँग आवश्यक सहकार्य र समन्वय गरी भूउपयोग क्षेत्र छुट्याउने कार्य गर्न गराउन सम्बन्धित सबै पालिकालाई अनुरोध गरे पनि पालिकामा आवश्यक जनशक्ति अभावमा यो कार्य पूरा हुन नसकेको हो । कृषियोग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रममार्फत कृषि उत्पादन वृद्धि खाद्यसुरक्षाको प्रत्याभूति, दीगो पूर्वाधार विकास, व्यवस्थित सहरीकरण र सुरक्षित आवास, प्राकृतिक स्रोतसाधनको समुचित व्यवस्थापन, विपद् जोखिम न्यूनीकरणलगायत उद्देश्य राखी नेपाल सरकारले भूउपयोग नीति २०७२ जारी गरेको थियो । सो नीति कार्यान्वयनका लागि संसद्बाट भूउपयोग ऐन २०७६ र नेपाल सरकारबाट भूउपयोग नियमावली २०७९ लागू भइसकेको छ । उक्त नीति, ऐन तथा नियममा स्थानीय तहलाई भूमिको वर्गीकरण, भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने अधिकार तोकिएका छन् । नियमावलीको अनुसूची १ मा भूउपयोग क्षेत्र निर्धारण गर्ने आधार र मापदण्डको व्यवस्थासमेत गरिएको छ । यी नीति र कानून कार्यान्वयनमा तत्काल सहजीकरण गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७९/०२/२७ गते परिपत्र जारी गरी कित्ताकाट रोकिएको थियो । स्थानीय तहले प्रचलित नीति, ऐन तथा नियमावली र मन्त्रालयबाट जारी परिपत्रको भावना तथा मर्म आत्मसात् हुनेगरी तत्कालका लागि स्थानीय भूउपयोग परिषद्बाट निर्णय गरी भूउपयोग क्षेत्र मङ्सिर २३ गतेभित्र कम्तीमा कृषि क्षेत्र र गैरकृषि क्षेत्र छुट्याउन भनिएको थियो । नापी विभागले सात सय ५३ वटै स्थानीय तहको भूउपयोग नक्सा, सोको विद्युतीय अभिलेख वा तथ्याङ्क तयार गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिसकेको छ । स्थानीय तहद्वारा सो नक्सा तथा डाटाको प्रयोग गरी वा सो नक्सालाई अद्यावधिक गरी भूउपयोग क्षेत्र छुट्याउन सकिने भनिएको छ ।रासस

# भुसाल र साह एमालेबाट निष्कासित

काठमाडौँ, २४ मङ्सिर

नेकपा (एमाले)ले स्थायी कमिटी सदस्य घनश्याम भुसाल र प्रभु साहलाई पार्टीबाट निस्कासन गरेको छ । शनिवार ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा बसेको सचिवालय बैठकले निर्वाचनमा पार्टी गतिविधिविरुद्ध काम गरेको भन्दै भुसाल र साहलाई पार्टीबाट हटाएको एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले जानकारी दिए । यस्तै पार्टीले उपेन्द्र साह (रौतहट), कुन्दन कुसवाहा (रौतहट) रामप्रित राम (सिराहा), बद्री न्यौपाने (सर्लाही), रीता साह (सर्लाही), गङ्गा चौधरी (दाङ) र टेकबहादुर बलम्पाखी (महोत्तरी)लाई पनि केन्द्रीय सदस्यबाट निष्काशन गरिएको उहाँले जानकारी दिए । पार्टीका केन्द्रीय सल्लाहकार ताप्लेजुङका वाङ्दे शेर्पा, कञ्चनपुरका खेम सुवेदी र भक्तबहादुर अधिकारी तथा कैलालीका लक्ष्मी शाह तथा पार्टीको समानुपातिक सूचीमा भएर पार्टीविरोधी गतिविधिमा रहेको भन्दै जैतुन खातुनलाई पनि कारबाही गरिएको गुरुङले जानकारी दिए ।रासस

# डोजर दुर्घटना हुदा दुई जनाको मृत्यु, तीन बेपत्ता



मान्म, २४ मङ्सिर

कालीकोटमा डोजर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने तीन जना बेपत्ता भएका छन् । दुर्घटनामा परी तीन जना घाइते भएको जिल्ला प्रहरी कार्यालय कालीकोटले जानकारी दिएको छ। कालीकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका-१ अँधेरीखोला भिरमा डोजर दुर्घटना भएको हो । फुकोट कर्णाली जलविद्युत् आयोजनाको निर्माणाधीन सुरुङभित्रको पानीको अवस्था जाँच गरी फर्कने क्रममा डोजर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रहरी नायब उपरीक्षक (डिएसपी) जयश्वर रिमालले जानकारी दिए । डोजरमा आठ जना सवार रहेकामा दुई जनाको मृत्यु भएको छ भने तीन जना कर्णाली नदीमा बेपत्ता भएका छन, उनले भने , दुर्घटनामा तीन जना घाइते भएका छन् । डोजर कर्णाली करिडोर नजिकै ८० मिटर तल नदीमा खसेको छ । मृत्यु हुनेमा सान्नी त्रिवेणी गाउँपालिका त्रिवेणी गाउँपालिका-१ का ३० वर्षीया चरित्र सार्की, १६ वर्षीय युवराज बुढा छन् । प्रहरी कार्यालयका अनुसार चालक चालक अछामका कमल सोडारी, सान्नी त्रिवेणी गाउँपालिका-१ का १९ वर्षीय उमेश गिरी र १४ वर्षीय रक्तिम कार्की बेपत्ता डिएसपी रिमालले जानकारी दिए । त्यसैगरी घाइते हुनेमा रास्कोट नगरपालिका-७ का २२ वर्षीय मिलन शाही, खाँडाचक्र नगरपालिका-११ बराँतुगाउँका १४ वर्षीय आशीष भारती र विकास भारती छन । घाइतेहरुको जिल्ला अस्पताल कालीकोटमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।रासस

# पीडितलाई यथाशीघ्र न्याय उपलब्ध गराउन सरकार सचेत छ : प्रधानमन्त्री देउवा

काठमाडौँ, २४ मङ्सिर

प्रधानमन्त्री शेरबहादुर देउवाले द्वन्द्वपीडितको माग छिटो सम्बोधन गरी पीडित परिवारलाई यथाशीघ्र न्याय उपलब्ध गराउने प्रतिज्ञा गरेका छन । शनिवार यहाँ आयोजित ७४औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले शुभकामना दिँदै द्वन्द्वपीडित र परिवालाई यथाशीध्र न्याय दिन सरकार सचेत रहेको बताए । मानवअधिकारको विशेष संरक्षण र संवर्द्धन गर्न सरकार प्रतिबद्ध छ, उनले भने , द्वन्द्वपीडितको माग छिटो सम्बोधन गरी पीडित र पीडित परिवारलाई यथाशीघ्र न्याय गर्न सरकार सचेत छ । उनले राष्ट्रिय मानवअधिकार आयोगको कामको प्रशंसा गर्दै आयोगका समस्या र गुनासोको सम्बोधन गर्ने आश्वासनसमेत दिए । कार्यक्रममा आयोगका अध्यक्ष तपबहादुर मगरले सशस्त्र द्वन्द्वकालीन पीडितको न्याय विषय अनिश्चित बन्दै गएको बताए । सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूलाई अधिकार सम्पन्न बनाउने कार्यमा सर्वोच्च अदालतको आदेश, यस आयोगको सिफारिस र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल कानुनी व्यवस्था हुन नसक्दा सशस्त्र द्वन्द्वकालीन पीडितहरूको न्यायको विषय अनिश्चित बन्दै भएको छ । उनले फौजदारी कसुरका आरोपी तथा पुर्पक्षमा रहेका व्यक्ति र आयोगले मानवअधिकार उल्लङ्घनमा दोषी भनी कारबाहीका लागि सिफारिस गरेका व्यक्तिलाई समेत राजनीतिक दलले उम्मेदवार बनाएको भन्दै असन्तुष्टि व्यक्त गरे । लैङ्गिक हिंसा, जातीय विभेद तथा छुवाछूतका घटनामा पीडितको न्यायमा सहज पहुँच नभएको गुनासो गरे । उनले भने , समावेशितालाई संविधानअनुसार अङ्गिकार गरी कार्यान्वयनमा ल्याउनु सरकार, राजनीतिक दल र सबै सरकारको दायित्व हो । तर निर्वाचनमा समानुपातिक समावशिताको विषय केवल कानुनी र प्राविधिक विषयमात्र बन्नु दु:खद् पक्ष हो । कार्यक्रममा डा गौरी शङ्करलाल दास र प्रतिमा गुरुङलाई स्व दयाराम स्मृति सम्मानबाट पुरस्कृतसमेत गरिएको छ । यस वर्ष सबैका लागि मर्यादा, स्वतन्त्रता र न्याय भन्ने मूल नाराका साथ ७४औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइएको हो । सन् १९४८ को डिसेम्बर १० का दिन मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको थियो । यो घोषणापत्र जारी भएको दिनलाई अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका रूपमा मनाउँदै आइएको छ ।रासस

## २४ महिला सहित ३ सयले ..........................

वीरगंजका आर.के पटेल, रामप्रवेश चौधरी, ओम मिश्र, विपिन साह, प्रदिप पंडित, प्रेम पटेल, पत्रकार शिवशंकर साह, माधुरी महतो, तबरेज अहमद, मनोहर सिंह, मुकेश ठाकुर, सुधिर कुशवाहा, बलिराम प्रसाद गुप्ता, महेश साह, लालबाबु मण्डल, सरोज पटेल, रामप्रसाद पटेल, प्रमोद साह, धिरज चौधरी, नुरेश अन्सारी, रवि प्रकाश, रामकिशोर प्रसाद कुशवाहा, हरिशंकर पटेल मुना राम, मनोज कुमार बजाज, ज्योति पंडित, सोनु कुमार साह, मनोज राम, कृष्ण माझी, रोशन चौधरी, सोनालाल राम, रामेश्वर राय, अशोक राम, सन्तोष घिमिरे, कृष्ण मुरारी राउत, राजेश यादव, समिर हुसेन, अविद अन्सारी, वृजकृष्ण यादव, संजिव मानन्धर लगायत छन् ।

यसैगरी निधिष अधिकारी, अभिषेक पाण्डे, धिरज अधिकारी, हरिलाल राम, गौरी शंकर पटेल, प्रदिप राउत, मनिष कुमार बर्मा, मनिष कुमार यादव, विधान तामाङ्ग, छोटेलाल साह, रितेश चौरसिया, शिवशंकर मिश्र, सुवास श्रेष्ठ, रामविनय चौधरी, लालबाबु पण्डित, ओम प्रकाश पाण्डे, गणेश पटेल, दिलिप चौधरी, चिरन्जीवी चौधरी, उमेश पण्डित, राहुल साह, विरेन्द्र प्रसाद साह, फिरोज अलि मुस्तफा, रामविनय पटेल, श्याम बाबु साह, विकेश कुमार, ज्ञान कुमार सिंह, चन्देश कुशवाहा, ओम प्रकाश सिंह, सिम्रन प्रसाद पटेल, गुन्जन लोहिया, मनोहर गोयन्का, राजबलि हजरा दुसाद, शिवजि साह, ध्रुव प्रसादगुप्ता, कृष्ण प्रसाद चौधरी, नेमलाल चौरसिया, जयलोक राम मिश्र, रम्भा साह, सानु बाबु ठाकुर, शिवलाल शर्मा, आविद हुसेन, नन्दलाल बैठा, छनु प्रसाद चौधरी, हिमाञ्चल चौधरी, महेन्द्र कुमार, भिखारी महतो, निषा श्रेष्ठ, सुनिता कुशावहा, राजु पटेल, सुमित्रा बोहरा, अजय साह, सुधा , विनोद पटेलले रक्तदान गर्नु गरेका छन् ।

त्यसैगरी मालती कुश्वाहा, सिकेन्द्र पटेल, प्रभु साह, रामकिशोर यादव, नारायण चौधरी, भोला साह, राममणी अधिकारी, पुष्प कुमारी, शम्भु मण्डल, अलि अहमद मिया, निर्जला यादव, अशोक गुप्ता लालबाबु, अजय प्रजापति, किशोर कुशवाहा, राजकिशोर साह, हरेन्द्र यादव, गोविन्द चौधरी, संदिप सर्राफ, राजन पन्त, मनोज गिरी, विराज पंडित, विनोद पंजियार, मनोहर सोनार, दिपेन्द्र कुमार चौधरी, सन्तोष यादव, अजय पंडित, प्रमोद गिरी, राजु दास, गौतम सर्राफ, सम्सुदिन अन्सारी, पुजा देवी साह, केदार कुमार चौधरी, दिनेश प्रसाद चौधरी, आमोद प्रसाद गुप्ता, रोविन कर्ण, रोविन्द्र कुमार साह, सन्जु देवी, राजन साह, विनोद यादव, रविन्द्र महतो, सामुल हुसेन, महम्मद कलाम, रवि कुशवाहा, हरेन्द्र यादव, अजय कुमार, विकेश पंडित, लिला मिश्र, देवन्ती साह, किशोर कलवार, रेश्मी मिश्र, अजहर मिया, अनिल कुमार श्रीवास्तव, नितेष राम, रामाकान्त लाल दास, मुकेश यादव, दिपेन्द्र महतो, नन्दुलाल दास, अशोक मेहता, गुड्डु कुमार, रक्षा दाहाल, अरविन्द कुमार महतो, रोहन मिया, राहुल कुमार कर्ण, दिनेश कुमार यादव लगायत ३ सय जनाले रक्तदान गरेका छन् ।

५३ औं पटक रक्तदान

रेडियो वीरगंज परिसरमा आएका रक्तदाता मध्ये वारा प्रसौनी निवासी विरेन्द्र कुशवाहाले ५३ औं पटक रक्तदान गर्नु गरेका छन् भने जसपाका जिल्ला सचिव तबरेज अहमदले ४७ औं पटक रक्तदान गरेको रेकर्ड छ ।

यस पटक एकै परिवारका ४ जना श्रीमान् श्रीमति सहित परिवारका टोली रक्तदानमा आउँनेहरुको संख्या समेत उल्लेख्य रहेको थियो ।१८ वर्ष उमेर पुगेका पहिलो पटक रक्तदान गर्न आएको युवा युवतीहरुको पनि उल्लेख्य संख्यामा थिए ।

रक्तदान कार्यक्रममा विशेष गरी तरुण दल वाराका अध्यक्ष एवं समाजसेवी लोकेश सिंह, जसपाका युवा नेता ईश्वर यादव, हरेन्द्र यादव, पन्नालाल लगायतको विशेष भूमिका रहेको थियो ।

कार्यक्रममा निवर्तमान प्रदेश सभा सदस्य राजेश्वर साह तेली, जसपाका नेता मुकेश द्विवेदी, ब्लड डोनर्स एशोसिएशनका पर्सा जिल्ला अध्यक्ष अरविन्द सिंह, राजन श्रीवास्तव, वीरगंज युवा समाजका अध्यक्ष कमल चौगाई, ग्रिन सिटी सामुदायिक केन्द्रका जय प्रकाश खेतान, व्यवस्थित वीरगंज अभियानका दिलिप कार्की, स्वास्थ्यकर्मी जयमोद ठाकुर लगायतको उपस्थिति रहेको थियो ।

रक्तदान कार्यक्रमको समापनमा रक्त संचार केन्द्र वीरगंजका प्रमुख सौरभ राज पाण्डेले रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साहलाई २४ महिला सहित ३ सय जनाले रक्तदान गरेको प्रमाण पत्र रक्त संचार केन्द्रको तर्फबाट हस्तान्तरण गरेका छन्। प्रमाणपत्र हस्तान्तरण कार्यक्रममा महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको सहभागिता रहेको थियो ।

समापन कार्यक्रममा रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साहले रक्तदान कार्यक्रममा सहभागि सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै छोटो समयमा गरिएको तयारीमा रक्तदाताहरुको उल्लेख्य उपस्थितिले आफूलाई थप उर्जा मिलेको बताए । साहले कार्यक्रममा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेका छन्।

## किन कार्यान्वयन भएन ..........................

यसै शिलशिलामा प्रदेश तह अन्तर्गत पनि, सामाजिक, विकास मन्त्रालयले आफ्ना तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि विभिन्न आवश्यक नीति निर्माण गरी लागु गर्नसक्छ । यसका साथसाथै शिक्षा विकास निर्देशनालयले यसका लागि आवश्यक सहजीकरण गर्नसक्छ । त्यस्तै प्रदेश सरकारको मातहतमा रहेको शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने शिक्षाको पेशागत तालिम तथा अन्य व्यवस्थापकिय तालिम पनि स्थानीय पाठ्यक्रम विकास निर्माण र कार्यान्वयन सम्बन्धी विषय बस्तु समावेश गरी क्षमता अभिबृद्धि दक्षता बृद्धि तथा शिक्षकको बृति विकास सम्बन्धी उचित तालिम सञ्चालन गरी आफ्नो जिम्मेवारी निर्भाह गर्न सक्छ ।

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ समेतका आधारमा स्थानीय तहको पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम विकास सम्बन्धी निम्नानुसारको ढाँचा अपनाउन सकिन्छ :-

- सर्वप्रथम आवश्यकताको पहिचान गरेर
- त्यसैगरी अति आवश्यक सक्षमता र उदेश्य निर्धारण गरेर
- विषय वस्तुको छनौट गरेर (मातृभाषा/भूगोल, इतिहाँस, धर्मसंस्कृतिधर्म आदि)
- कक्षागत सिकाई उपलब्धि निर्धारण तथा मापन गरेर
- शिक्षा विधि र प्रकिया (क्रियाकलाप) अपनाएर
- विद्यार्थीहरुका उचित मूल्याङ्कन गरेर
- सप्ताहिक वार्षिक वा दैनिक समयको निर्धारण गरेर
- पाठ्यक्रमको विस्तृतिकरण सम्बन्धी निर्देशिका पनि निर्माण गरेर

केन्द्रबाट निर्माणित पाठ्यक्रममा स्थानीय आवश्यकता सम्बोधनका साथै स्थानीय विषय वस्तु स्थानीय परिवेश र वातावरणको प्रतिनिध्वत हुदैन साथै केन्द्रबाट लादिएको पाठ्यक्रम अभिभावक बालबालिकाको रुचि आवश्यकतानुसार नहुने भएकाले स्थानीय स्तरको पाठ्यक्रम आफ्नै सहभागितामा निर्माण गरी प्रयोगमा ल्याउने व्यवस्था गरिएको हो । यो आफ्नै आवश्यकतानुसार आफ्नै सकृयतामा बनाइने भएकोले यसप्रति अपनत्व हुनुका साथै प्रयोग गर्न सहज हुन जान्छ । तथापी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन सम्बन्धी निम्न समस्या तथा चुनौतीहरु सामना गर्नु पर्ने देखिन्छ :-

समग्रमा भन्नुपर्दा लथालिङ्ग देशको भत्ताभुङ्ग चाला झैं जब विधिको शासन र कानून छ जहाँ, त्यहाँ नियमित रुपमा लागु भएको ऐन नियमावली किन समयमा कार्यान्वयन हुँदैन ?

स्थानीय लेखकद्वारा रचित स्थानीय कृतिहरु तथा सांदर्भिक पाठ्यपुस्तकहरु किन अनिवार्य रुपमा पठ्न पाठन भएन ?

शिक्षक बिना एक दशकसम्म कम्प्यूटर कसरी पढाई भयो अधिकतम विद्यालयमा ?

प्रविधि शिक्षा कसले पढाउँदैछ ?

यदि बीना पाठ्यक्रमका स्थानीय पाठ्यपुस्तक नपढाइने हो भने, दोहरो नीति जब कि कम्पयूटर, जस्तो म्याथ जस्तो वा समान्यज्ञान जुन (अतिरिक्त कृयाकलापमा आउनु पर्ने), जस्ता पुनः पुनः लादेर हेडसरहरुलाई दोहरो निति लागु गर्ने अधिकार कसले दियो ?


कुन कानूनमा दुईदुईवटा विषय स्थानीय विषयको सट्टा, राखेर कसरी शिक्षण तथा मूल्याङ्कन गरिन्छ ?

'खाने मुखलाई जुगांले छेक्दैन' भने झै स्थानीय तहका केही प्रनाध्यापकहरुका बदनियतले स्थानीय विषय वस्तुको खिल्ली उडाइएको देखिन्छ । यथेष्ट रुपमा स्थानीय विषय वस्तुमाथि सर्वोत्तम पाठ्यपुस्तक हुँदा हुँदै विज्ञ तथा विद्वानहरुद्वारा सिफारिस विषयलाई पनि नकारीकन तिनीहरुले मनमानी गरिएको पाईन्छ ।

यसमा प्रमुख दोषी स्थानीय तह पनि रहेको देखिन्छ । किनकी यस सम्बन्धी आवश्यक अनुगमन स्थानीय तहले नै गर्नु पर्ने हो ? केन्द्र प्रदेश पनि कमदोसी छैनन्, जहाँ एक महिनामा करोडौ निर्देशिका छापिन्छन् त्यहाँ कात्तिक मसान्तसम्म विद्यालयमा पाठयपुस्तक पुग्दैनन् । पाठ्यक्रम वा पाठ्यपुस्तक निर्माणको यदि अभाव हो भने, सम्बन्धीत सरोकारवालाले समयमै एउटा पाठ्यक्रम निर्माण समिति तथा पाठ्यपुस्तक छनौट समिति निर्माण गरी आवश्यक कदम चल्नु पर्ने देखिन्छ ।

उक्त समितिले परिमार्जित स्थानीय पाठ्यक्रम तयार गरी उपरोक्त पाठ्यक्रम कै आधारमा विभिन्न उत्कृष्ट र सवोत्तम पाठ्यपुस्तकहरु पनि छनौट गरी सम्बन्धित सबै ठाउँमा लागु पर्ने थियो ।

अन्यथा संविधानले दिएका हाम्रा मानविय मौलिक हक अधिकार, जुन स्थानीय पाठ्यक्रमद्वारा हाम्रा सन्ततिहरुलाई प्रदान गर्नुपर्ने हो त्यसबाट वञ्छित हुनेछ र हाम्रो स्थानीय धर्म, संस्कृति रितिरिवाज, धार्मिक परम्परा, काला कौशल तथा सम्पदाहरु (पौराणिक गाँथाहरु) विलोप भएर जानेछन् भने आशंकामा दुईमत छैन् ।



मुस्लिम समुदायकी शाश्विन खातुन, रेडियो वीरगंजले आयोजना गरेको रक्तदान कार्यक्रम परिसर पुगेर पहिलो पटक रक्तदान गरिन। उनी रेडियो वीरगंजमा रक्तदान सम्बन्धी सूचना सुनेर आएको बताउँछिन।

# सडकमा राखिएका निर्माण सामग्रीहरु हटाउन सुरु

मधेशदृष्टि
वीरगञ्ज, मंसिर २४ ।



वीरगञ्ज महानगरपालिकाले अतिक्रमण गरि अव्यवस्थित तरिकाले सडक छेउमा राखिएका सामग्रीहरु हटाउने अभियान शनिबारबाट सुरु गरेको छ।

वीरगंज महानगरलाई सफा, सुन्दर र हराभरा बनाउँने अभियान अर्न्तगत महानगरपालिकाले सडक छेउमा अतिक्रमण गरि राखिएका सामाग्रीहरु हटाउन सुरु गरेको हो।

शनिबार वीरगंज महानगरपालिकाले वडा नम्बर २ का विभिन्न स्थानसँगै वीरगंजको रेल्वे रोड स्थित सडकबाट अतिक्रमण गरि राखिका सामग्री हटाएको ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले जानकारी दिए।महानगरको सरसफाई शाखा र नगरप्रहरीको सहयोगमा ग्रिनसिटी सामुदायिक सेवा केन्द्र तथा ग्रिन सिटि सामुदायिक प्रहरी सेवा केन्द्रले सडक पेटी, नाला र अन्य स्थानमा अव्यवस्थित ढंगले राखिएका निर्माण सामग्री, सवारीसाधन लागयातका सामग्री हटाएको हो। खेतानले अभियानलाई निरन्तरता दिँदै आफूहरु महानगरका अन्य वडाहरुमा पनि अतिक्रमित गरि राखिएको समानहरु हटाउने बताए । खेतानले सहरलाई व्यवस्थित, हराभरा र सफा बनाउन नगर प्रमुख राजेशमान सिंहले आफूलाई संयोजक तोकी काम गर्न उत्साहित गरेपछि आफु सहितको टोली अहिले व्यवस्थित वीरगंज बनाउने अभियानमा जुटेको बताए।

# नगरको शैक्षिक क्षेत्रमा सुधार हुन्छ : नगर प्रमुख सिंह

मधेशदृष्टि
वीरगञ्ज, २४ मंसिर।



निजी विद्यालयको स्तरीकरण एवम् वर्गीकरणले नगरको शैक्षिक क्षेत्रमा सुधार हुने वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बताएका छन्। वीरगञ्जस्थित गौतम मा.वि.ले शनिबार आयोजना गरेको विज्ञान प्रदर्शनी मेलालाई सम्बोधन गर्दै प्रमुख सिंहले विद्यालयको वर्गीकरणले शिक्षा क्षेत्रमा ठूलो परिवर्तन हुने दावी गरे।

विगतमा मनोमानी रुपमा आफुखुशी शूल्क उठाउने प्रवृती रहेकोमा अबदेखि महानगरले तोकेको दायरा भित्र रहेर मात्रै शूल्क लिन पाउँने सिंहको भनाई छ। सिंहले तोकिएको सीमाभन्दा बढी शूल्क लिएमा महानगरले कारवाही गर्ने चेतावनी दिदै शिक्षा जस्तो क्षेत्रमा राजनीति नगर्न पनि आग्रह गरे।

विज्ञान प्रदर्शनी मेलामा विद्यार्थीहरुले नै आविष्कार गरेका वस्तुहरुको अवलोकन गर्दै नगर प्रमुख सिंहले विधार्थीहरुलाई क्षमतावान बनाउन सबैभन्दा ठूलो भुमीका शिक्षक/शिक्षिका रहेको चर्चा गर्दै महानगरपालिकाले शिक्षकहरुलाई प्रोत्साहन गर्ने विभिन्न योजनाहरु ल्याउँने प्रतिबद्धता व्यक्त गरे। आफ्नै छोराछोरी पढेको स्कुलमा आफ्नै छोराछोरीको पढाई बिथोल्ने किसिमका गतिविधि हुनुप्रति आपत्ती जनाउँदै मेयर सिंहले सहीलाई सही र गलतलाई गलत भन्ने आँट गर्नसक्नुपर्नेमा अभिभावकलाई सचेत गराएका छन्। गौतम माविका सञ्चालक सोनम लामाको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल, वीरगञ्ज महानगरपालिका वडा नम्बर १३ का वडाअध्यक्ष हिरा गिरी, समाजसेवी पशुपति विक्रम शाह, उशा शाह, मधु राणा, यात्रा डेलीका प्रबन्ध निर्देशक राम सर्राफ लगायतको उपस्थिती रहेको थियो। करिब ५ सय जना विद्यार्थीहरुको सहभागितामा ७५ किसिमका विज्ञान सम्बन्धी आविष्कार प्रदर्शनीमा राखिएको छ।

# एमालेका हजरा र देवकोटा समानुपातिक सांसद



मधेशदृष्टि
वीरगन्ज, २४ मंसिर।

नेकपा एमालेले समानुपातिक तर्फको प्रतिनिधीसभा सदस्य (सांसद) मा पाएको ३४ जनामा पर्साबाट दुइ जना परेका छन्। पर्साबाट नेकपा एमालेका केन्द्रीय सदस्यद्वय एंव जिल्ला इन्चार्ज प्रभु हजरा र एमाले नेतृ निर्मला देवकोटा समानुपातिक सांसदमा परेका छन्। दलित कोटाबाट र देवकोटा महिला कोटाबाट समानुपातिक सांसदमा चयन भएका हुन्। शुक्रबार बसेको एमाले सचिवालय बैठकले समानुपातिकमा प्रतिनिधि सभातर्फ पाएको ३४ सिटमध्ये २२ महिला र १२ पुरुषलाई चयन गरेको हो।

यस्तै मधेस प्रदेशको प्रदेशसभा सदस्यमा एमालेले पर्साबाट विना देवीको नाम मात्र चयन गरेको छ।

# कांग्रेसको समानुपातिक सांसद बन्न बञ्चित: रुगटा र मन्सुर

मधेशदृष्टि
वीरगन्ज, मंसिर २४।



नेपाली कांग्रेसका पर्साका नेता अनिल रुंगटा र बाराका नेता फरमुल्लाह मन्सुर समानुपातिकबाट सांसद बन्न बन्चित भएका छन्। शनिबार नेपाली काँग्रेसले ३२ जना समानुपातिक सांसदको नाम टुंगो लगाएकोमा त्यसभित्र मन्सुर र रुंगटाको नाम समावेश गरिएको छैन।

पर्सा १ बाट पूर्व सांसद अनिल रुंगटा र बारा ३ बाट पूर्व सांसद फरमुल्लाह मन्सुर यो पटक प्रत्यक्षमा चुनाव नलडि मधेसी र मुस्लिम कोटा तर्फ बन्दसूचीमा परेका थिए। मन्सुरको नाम मुस्लिम कोटाको पहिलो नम्बरमा थियो भने रुंगटाको नाम मधेसी कोटामा दोश्रो नम्बरमा थियो।

तर पुरुष तर्फ जम्मा तीन जनाको मात्र नाम छनौट गर्नु पर्ने भएका कारण मन्सुर र रुंगटा दुवै सांसद बन्नबाट बन्चित भएको बताइन्छ। पार्टीले समानुपातिकतर्फ प्रतिनिधि सभा सदस्यमा पर्साका अनिल रुंगटालाई चयन हुने चर्चा चहिरहे पनि यसपटक रुगंटा सहित ३२ मध्ये २९ जना महिला छन् भने पुरुष तीन जना मात्रै रहेका छन्। ३३ प्रतिशत महिला हुनुपर्ने प्रावधानका कारण काँग्रेसबाट तीन जना पुरुषमात्रै समानुपातिक सांसद बन्ने भएका हुन्। जसमा विमलेन्द्र निधि, जीवन परियार र डा. प्रकाशशरण महत चयन भएका छन्।

# महावाणिज्य दूतावासमा "टक" शो



मधेशदृष्टि
वीरगंज, मंसिर २४।

वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावासले आजादीका अमृत महोत्सव (क्ष्लमष्ब२ठछ) र 'मानव अधिकार दिवस' सम्बन्धि टक शो आयोजना गरेको छ। आजको संसारमा मानव अधिकारको महत्व, स्थिति र आवश्यकता' विषयमा टक शो आयोजना गरेको छ। वाणिज्य दूतावास परिसर भित्र नेपाल र भारत को विशेष सन्दर्भ कार्यक्रमलाई वीरगन्ज स्कुल अफ लका प्रधानाध्यापक तथा नगरका मानवअधिकार अभियन्ता अधिवक्ता चन्द्रिका पटेलले सम्बोधन गरेका थिए। कार्यक्रममा वाणिज्य दूतावासका ३० अधिकारी र अधिकारीहरू सहभागि थिए।

कार्यक्रममो उद्घाटन मन्तव्यमा कन्सुल जनरल नितेश कुमारले १० डिसेम्बर १९४८ मासंयुक्त राष्ट्र महासभाले पारित गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावना र तीस धाराहरू बारे जानकारी चर्चा गर्दे अधिकारको संरक्षणसँग सम्बन्धित लेखहरूको व्याख्या गरे। रितेश कुमारले विश्वमा मानवअधिकार संरक्षणमा संयुक्त राष्ट्र संघ र यसको विशेष निकाय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) र अन्य सरकारहरूको भूमिका पनि प्रष्ट पारे।

कार्यक्रममा अधिवक्ता चन्द्रिका पटेलले नेपाल र भारत दुवै देशको वर्तमान मानवअधिकार अवस्थाहरूको बारेमा बताए। उनले मानवअधिकार विश्वव्यापी, अविभाज्य र अर्न्तसम्बन्धित भएकाले दुवै देशमा लोकतन्त्र आएपछि धेरै सुधार भएको बताए। राष्ट्रिय मानवअधिकार आयोग नेपालको तथ्यांक उल्लेख गर्दै उनले गत वर्ष आयोगमा १०१ मानवअधिकार उल्लङ्घनका उजुरी परेको र कतिपय उजुरी सम्बोधन हुन नसकेको बताए। नेपालमा मानवअधिकार उल्लङ्घनका अधिकांश घटनाहरू बालविवाह, दाइजो, जादुटोन, महिनावारीको समयमा महिलामाथि हुने दुर्व्यवहार आदिसँग सम्बन्धित भएको उनले बताए। पटेलले अधिकांश घठना नेपालको तराई-मधेश क्षेत्रका रहेको बताए।

# पोखरीयामा विपद् पोर्टल शुभारम्भ

मधेशदृष्टि
वीरगन्ज, २४ मंसिर।

पर्साको पोखरिया नगरपालिकामा शनिबार सूचना व्यवस्थापन प्रणाली-विपद् पोर्टलको विपद् तथा जलवायू उत्थानशील योजना (एलडिसिआरपी) बारे छलफल कार्यक्रम सम्पन्न भएको छ। विपद् व्यवस्थापन समिति र पोखरिया नगरपालिकाको संयुक्त आयोजनामा भएको कार्यक्रमको उद्घाटन पोखरीया नगरपालिकाका प्रमुख प्रधुमन चौहानले गरेका छन्। पोर्टल गृह मन्त्रालयको संयोजनमा विभिन्न ११ वटा मन्त्रालय र विभागहरुको सहकायर्घामा निर्माण गरिएको हो। पोर्टलमा विपद् सम्बन्धि सूचना तथा जानकारीहरू समावेश गरिएको छ। कार्यक्रममा नगर प्रमुख चौहानले पोखरीया नगरपालिकाले अबका दिनमा विपद् सम्बन्धी योजनाहरूको कार्यान्वयनलाई थप प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरे।

पोखरिया नगरपालिकामा सन् २०११ देखि हालसम्म भएको विपद्का घटनाहरुको विस्तृत विवरण पोर्टलमा राखिएको तथा आगामी दिनमा यस पोर्टललाई अझ अद्यावधिक गर्दै लगिने प्रमुख प्रशासकीय अधिकृत अशोक कुमार रौनियारले जानकारी दिए।




# डिएभी केडिया स्कुल २९ औँ वर्षमा प्रवेश

मधेशदृष्टि
वीरगञ्ज, मंसिर २४।

वीरगञ्जको परवानीपुरस्थित डि.ए.भी. रुकमिनी बनारसी केडिया स्कूल शनिबारबाट २९ वर्षमा प्रवेश गरेको छ। २९ वर्षमा प्रवेश गरी ३० वर्षमा लाग्दै गरेको अवस्थामा स्कुल र स्कुल परिसरलाई सजाएर आकर्षक बनाइएको थियो। स्कुलका संस्थापक स्वर्गीय शंकरलाल केडियाको ८७ औं जन्मजयन्ती र स्कुलको २९ औं वार्षिकोत्सव स्कुलले भव्य कार्यक्रम गरेर मनाएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ताराचन्द्र केडियाको अध्यक्षतामा सम्पन्न वार्षिकोत्सव एवम् सांस्कृतिक कार्यक्रमको उद्घाटन वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुवोध कुमार गुप्ताले गरेका थिए। स्कुलका संस्थापक एवम् बरिष्ठ उद्योगी तथा समाजसेवी स्वर्गीय शंकरलाल केडियोको तस्विरमा माल्यार्पण गर्दै अध्यक्ष डा. गुप्ताले उनको सामाजिक योगदान र व्यक्तित्वको स्मरण गरेका थिए। विद्यालय ज्ञानको पवित्र मन्दिर भएको बताउँदै डा. गुप्ताले विद्यार्थीहरुलाई शिक्षासँगै अनुशासन, ईमान्दारीता, लगनशिलता जस्ता गुणहरु पनि सिक्नुपर्नेमा जोड दिए। किताबी ज्ञानका साथै व्यावहारिक ज्ञानले व्यक्तिलाई पूर्णता दिने उनको भनाई छ। शिक्षासँगै संस्कार पनि सिक्नुपर्ने आवश्यक्ता औंल्याउँदै डा. गुप्ताले भने, 'काचो माटोलाई जुन आकार दियो, त्यस्तै बने जस्तै बालबालिकाहरुलाई पनि काचो हुँदा नै सही आकार दिनुपर्छ। जसले गर्दा उनीहरु पछि गएर समाजका



उदाहरणीय पात्र बन्न सकुन्।' उनी थप्छन्, 'विद्यालय विद्यार्थीको दोस्रो पाठशाला हो भने पहिलो पाठशाला घर हो। यस अर्थमा पहिला गुरु पनि अभिभावक नै हुन्। त्यसैले अभिभावहरुले पनि घरमा बालबालिकालाई संस्कार सिकाउन आवश्यक छ।'सोही अवसरमा नेपाल चालम दाल तेल संघका केन्द्रीय अध्यक्षसमेत रहेका डा. गुप्ताले इन्दु शंकर विज्ञान प्रयोगशालाको पनि उद्घाटन गरेका थिए। विज्ञान प्रयोगशालाको उद्घाटन गर्दै यसको सही सदुपयोग हुने र विद्यार्थीहरु भरपुर मात्रामा लाभान्वित हुने विश्वास पनि डा. गुप्ताले व्यक्त गरेका छन्। वार्षिकोत्सव तथा सांस्कृतिक कार्यक्रमलाई सञ्चालक समितिका उपाध्यक्ष एवम् शंकरलाल केडिया डेण्टल हस्पिटलका प्रमुख डा. विजय अग्रवाल, विद्यालय व्यवस्थापन समितीका प्रदीप केडिया, सुनिल केडिया, सौरभ केडिया लगायतले सम्बोधन गरेका थिए। कार्यक्रममा स्कूलका पि.जी. कक्षादेखि १२ कक्षा सम्मका विद्यार्थीहरूले रितिरिवाज एवम् संस्कृतिको जगेर्ना गर्ने किसिमको भेषभुषामा नृत्यसँगै नाटक पनि प्रस्तुत गरेका थिए। स्कुलका प्रिन्सिपल राकेश मिश्राले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको सहजीकरण स्कुलकी शिक्षिका मेघा दधीचले गरेकी थिइन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल